म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक २०१ | आइतबार, २४ फागुन २०८२ | ने. सं. ११४६ चिल्लागा | 8 March 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**तनाव व्यवस्थापनमा परिवारको भूमिका**

- परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं ।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहान गरौं ।
- सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं ।
- जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं ।
- साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं ।
- आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आठौं पटक निर्वाचनमा होमिएका थापाको सातौं हार

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ पञ्चायतकालदेखि बहुदल हुँदै र गणतन्त्रसम्म पटकपटक सत्ता र शक्तिको केन्द्रमा पुगेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता कमल थापा निर्वाचन परिणाममा भने निरन्तर पराजित हुँदै आएका छन् ।

२०८२ को प्रतिनिधिसभा निर्वाचनमा आठौंपटक मैदानमा उत्रिएका थापाले आफ्नो राजनीतिक जीवनमा सातौं हार बेहोरेका छन् । ३५ वर्ष बढी समय मकवानपुरलाई आफ्नो राजनीतिक कर्मभूमि बनाएका थापाले यसपटक भने गृह जिल्ला छाडेर काठमाडौं क्षेत्र नम्बर ५ रोजेका थिए । तर, निर्वाचनको नतिजाले उनलाई पुन: निराश बनायो । थापाले काठमाडौं-५ मा शुक्रबार मतगणना जारी नै रहँदा मतान्तर धेरै भएपछि हार स्वीकार गरिसकेका थिए । उनले चुनावी परिणामबाट विचलित नहुन र पार्टीलाई अघि बढाउन आत्मसमीक्षा गर्नुपर्ने बताए । उनले हार-जित चुनावको स्वाभाविक प्रक्रिया भएको बताएका छन् ।

काठमाडौं-५ मा राष्ट्रिय स्वतन्त्र पार्टीका सस्मित पोखरेल ३० हजार ७३७ मत ल्याएर विजयी भए । यो प्रतिस्पर्धामा राप्रपाका थापा चौथो स्थानमा रहे । नेपाली कांग्रेसका प्रदीप पौडेलले ९ हजार १५९ मत र नेकपा एमालेका ईश्वर पोखरेलले ४ हजार ७०१ मत ल्याउँदा थापाले १ हजार ९२२ मत मात्रै पाएको निर्वाचन आयोगको तथ्यांक छ ।

२०५१ को मध्यावधि निर्वाचन जितेयताका ३१ वर्षसम्म थापा गृहजिल्ला मकवानपुरबाट निरन्तर पराजित बनिरहेका थिए । ३५ वर्षपछि पहिलोपटक मकवानपुर छोडेर काठमाडौंमा प्रत्यक्ष चुनाव लडेका उनलाई यो चुनाव पनि अनुकूल रहेन । गृहजिल्लालाई राजनीतिको कर्मभूमि बनाएका थापाका लागि पटकपटक राजनीतिक परिस्थिति अनुकूल बन्यो ।

जसका कारण उनी उपप्रधानमन्त्रीसहित ९ पटक मन्त्री बने । २०४७ सालयता भएका सबै सात निर्वाचनमा सहभागी थापा एकपटक मात्र विजयी भए । २०५१ को मध्यावधि निर्वाचन जितेयताका ३१ वर्षसम्म थापा गृहजिल्ला मकवानपुर बाट निरन्तर पराजित बनिरहेका थिए । ३५ वर्षपछि पहिलोपटक मकवानपुर छोडेर काठमाडौंमा प्रत्यक्ष चुनाव लडेका उनलाई यो चुनाव प्रतिकूल बन्यो । थापा २०४७ यताका सबै चुनाव मकवानपुरबाट उठेका छन् । बहुदलपछिको २०४७ को चुनावमा उनलाई मकवानपुर-१ मा एमालेका कृष्णप्रसाद दाहालले हराइदिए । २०५१ को मध्यावधि चुनावमा मकवानपुरका दुवै क्षेत्रबाट उठेका थापाले मकवानपुर-१ मा दाहाललाई हराए भने २ मा एमालेका उम्मेदवार विरोध खतिवडासँग पराजित भए ।

त्यसपछि २०५६ मा आमनिर्वाचन भयो । त्यसमा मकवानपुर-१ र ३ बाट लडेका थापालाई दुवैतिर एमालेका उम्मेदवारले हराए । १ मा उनै दाहाल र ३ मा वीरबहादुर लामा विजयी भए । २०६४ को संविधान सभा निर्वाचनमा मकवानपुर-३ बाट उठेका थापालाई तत्कालीन नेकपा (माओवादी) केन्द्रका प्रल्हाद लामिछानेले हराए ।

२०७० मा भने उनी समानुपातिक सूचीमा रहँदै दोस्रो संविधानसभामा पुगे । २०७२ मा संविधान जारी भएपछि २०७४ मा भएको पहिलो निर्वाचनमा नेपाली कांग्रेससँगको सहकार्यमा थापा मकवानपुर-१ बाट उम्मेदवार बनेका थिए । त्यतिबेला पनि एमालेका कृष्णप्रसाद दाहालले हराए ।

२०७९ को निर्वाचनमा पनि उनी राप्रपा नेपालबाट मकवानपुर-१ बाटै उम्मेदवार बने । राप्रपाका उम्मेदवार दीपकबहादुर सिंह विजयी हुँदा उनी तेस्रो स्थानमा रहन पुगे । कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना यसपटक दोस्रो भइन् ।



**२०५१ सालयता ९ पटक मन्त्री**

२०१२ सालमा काठमाडौंको डिल्लीबजारमा जन्मिएका थापाले पञ्चायतकालमा पनि मकवानपुरबाट निर्वाचन लडे । २०४६ को राजनीतिक परिवर्तनले मुलुकमा बहुदलीय व्यवस्था पुनर्स्थापना गरेपछि २०४७ मा पहिलो आमनिर्वाचन भएको थियो । त्यसपछि पटकपटक सरकार फेरबदल हुँदा थापाले मन्त्री बन्ने मौका पाइरहे । २०५१ यता उनी ९ पटक मन्त्री बने । २०६१ मा तत्कालीन राजा ज्ञानेन्द्रले शासन-सत्ता हातमा लिए । यो मन्त्रिपरिषद्मा थापा गृहमन्त्री बनेका थिए । २०५१ को मध्यावधि निर्वाचनपछि एमाले नेतृत्वको अल्पमतको सरकार ढलेपछि नेपाली कांग्रेसका शेरबहादुर देउवा नेतृत्वको सरकारमा कानुन, न्याय तथा संसदीय व्यवस्था र स्थानीय विकास मन्त्री भए ।

देउवा सरकार ढलेर लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा राप्रपा-एमाले सरकार बन्दा उनी आवास तथा भौतिक योजना र परराष्ट्र मन्त्री भए । त्यसपछि सूर्यबहादुर थापाको नेतृत्वमा राप्रपा-कांग्रेस सरकार बन्ने परिस्थिति सिर्जना हुनासाथ क्याम्प परिवर्तन गरेर उनी परराष्ट्र र कृषि मन्त्री बने । सूर्यबहादुर थापा नेतृत्वकै सरकारमा उनी सूचना तथा सञ्चार, स्थानीय विकास र स्वास्थ्य मन्त्री पनि भए । २०६१ मा तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता हातमा लिए । त्यो मन्त्रिपरिषद्मा थापा शक्तिशाली गृहमन्त्री बनेका थिए । मुलुकमा गणतन्त्र स्थापना भएपछि २०६४ मा चुनाव हारे पनि समानुपातिकको कोटाबाट २०७० मा दोस्रो संविधानसभामा पुगेपछि पनि थापा मन्त्री बन्न सफल भए ।

२०७२ असोजमा केपी ओली नेतृत्वको सरकारमा उनी उपप्रधानमन्त्रीसहित परराष्ट्र र स्थानीय विकास मन्त्री भए । पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा पनि उपप्रधानमन्त्री तथा स्थानीय विकास मन्त्री भए । त्यसपछि शेरबहादुर देउवा नेतृत्वको सरकारमा पनि उपप्रधानमन्त्री भए । २०७४ को चुनाव हारेपछि सत्ताबाट टाढिएका राप्रपा नेता थापा २०७९ र २०८२ को निर्वाचनमा पनि जनताबाट अस्वीकृत भए ।

**कमल थापा २०८२ को प्रतिनिधिसभा निर्वाचनमा काठमाडौं-५ बाट चौथो स्थानमा रहँदै पराजित भए। राष्ट्रिय स्वतन्त्र पार्टी का सस्मित पोखरेल विजयी भए। थापा २०५१ बाहेक अधिकांश निर्वाचनमा पराजित हुँदै आएका छन्।**

— — — —

# मकवानपुरमा रास्वपाको अग्रता कायम



साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ मकवानपुरको दुईवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अग्रस्थानमा रहेको छ ।

यो समाचार तयार पार्दासम्म क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रकाश गौतम २८ हजार २ सय २७ मतसहित अग्रस्थानमा छन् । त्यसैगरी नेपाली कांग्रेसकी महालक्ष्मी उपाध्याय 'डीना' ले ६ हजार ३ सय ३ मत पाउँदा एमाले उम्मेदवार रामेश्वर रानाले ६ हजार ४ सय २०, उज्यालो नेपाल पार्टीका सुरेन्द्र लामाले ५ हजार ७ सय ७५, राप्रपाका दीपकबहादुर सिंहले ३ हजार १ सय २६ र नेकपाका विजय गौतमले २ हजार ३ सय ५५ मत पाएका छन् ।

यसक्षेत्रमा कुल ९५ हजार ३ सय मत खसेको थियो । प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत मकवानपुर क्षेत्र नम्बर-२ मा पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अग्रता कायम राखेको छ ।

निर्वाचन अधिकृतको कार्यालयकाअनुसार मतगणना जारी हुँदा रास्वपाका उम्मेदवार प्रशान्त उप्रेती १९ हजार २ सय ३२ मतसहित अग्रस्थानमा रहेका छन् । मतगणनाको प्रारम्भदेखि नै रास्वपाले निरन्तर अग्रता कायम राख्दै बलियो स्थिति बनाएको छ । हालसम्मको मतपरिणामअनुसार नेकपा एमालेका उम्मेदवार महेश बर्तौलाले १४ हजार ४ सय ६७ , नेपाली कांग्रेसका बुद्ध लामाले १२ हजार ७ सय ४३, नेपाली कम्युनिष्ट पार्टी नेकपाका उम्मेदवार लवशेर विष्टले १० हजार ३ सय ९० मत प्राप्त गरेका छन् ।

त्यसैगरी उज्यालो नेपाल पार्टीका प्रवीण स्याङतानले ४ हजार २ सय मत प्राप्त गरे । यस निर्वाचन क्षेत्रमा कुल मतदाता १ लाख ५६ हजार ८ सय ९९ रहेकोमा ९१ हजार २ सय ४१ मत खसेको थियो । प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत मकवानपुरका दुवै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारले भारी मतान्तरसहित अग्रता लिएपछि कार्यकर्तामा खुशी छाएको छ । मतगणनाको पछिल्लो परिणामअनुसार दुवै क्षेत्रमा रास्वपाका उम्मेदवारले निकटतम प्रतिस्पर्धीभन्दा उल्लेख्य मतान्तरले अग्रता कायम राखेका छन् । यससँगै जिल्लाभर रास्वपा समर्थक तथा कार्यकर्ताबीच उत्साह देखिएको छ ।

यद्यपि, पार्टीले औपचारिक रुपमा विज्ञप्ति जारी गर्दै कुनैपनि प्रकारको उत्सव वा विजय जुलुस नगर्न कार्यकर्ता र समर्थकलाई आग्रह गरेको छ । पार्टीको निर्देशन भएपनि अग्रताको खबर सार्वजनिक भएसँगै कार्यकर्तामा खुशी छाएको छ । केही स्थानमा कार्यकर्ता एकअर्कालाई बधाई दिने, सामाजिक सञ्जालमार्फत् खुशी व्यक्त गर्ने लगायतका गतिविधि देखिन थालेका छन् । मकवानपुरमा जारी मतगणनाको अन्तिमपरिणाम भने आउन बाँकी छ । निर्वाचन अधिकृतको कार्यालयका अनुसार मतगणनाकार्य निरन्तर जारी रहेको छ ।

# ओलीसँग करिब ५० हजार मतान्तरले बालेन निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ झापा क्षेत्र नम्बर ५ बाट रास्वपा वरिष्ठ नेता बालेन साह निर्वाचित भएका छन् । अन्तिम मतपरिणाम अनुसार, बालेन ६८ ३४८ मतसहित निर्वाचित भएका हुन् ।

उनले नेकपा एमालेका अध्यक्ष समेत रहेका पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई पराजित गरेका हुन् । एमाले अध्यक्ष ओलीले भने १८७२४ मत प्राप्त गरे । उनीहरु बीच ४९,६१४ मतको अन्तर रह्यो । झापा-५ यसवर्षको निर्वाचनमा सबैभन्दा बढी चर्चाको केन्द्रमा रहेको थियो । काठमाडौं महानगरका पूर्वमेयर बालेनले उम्मेदवारी दिएसँगै यो क्षेत्रमा ओलीसँग हुने प्रतिस्पर्धालाई लिएर चर्चा चुलिएको थियो ।

**को हुन बालेन ?**

३६ वर्षीय बालेन्द्र (बालेन) पेशाले इन्जिनियर हुन् । ४ वर्ष अगाडिसम्म ऱ्यापरकारुपमा नयाँ पुस्ताबीच मात्र चर्चित रहेका उनी काठमाडौं महानगरको मेयरमा विजयी भएसँगै चर्चाको चुचुरोमै पुगे । २०७९ सालमा सम्पन्न स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रुपमा काठमाडौंको मेयरमा उम्मेदवारी दिंदा राजनीतिक विश्लेषक



देखि सञ्चारमाध्यमसम्मले यसलाई उल्लेख्यरुपमा नोटिसमा लिएका थिएनन् । तर, चुनावको नतिजाले नेपाली समाजभित्र मतदाताको मनोविज्ञान कसरी बदलिइरहेको छ भनेर संकेत राम्रैसँग देखायो । मेयरमा विजयी भएसँगै बालेनले भर्चुअल संसारमा आफ्नो परिचय भूगोलतिर व्यापक बनाउन सफल भए ।

काठमाडौंको गौरीगाउँमा जन्मिएका बालेन आयुर्वेदिक चिकित्सक डा. रामनारायण साह र ध्रुवदेवी साहका छोरा हुन् । हवाइटहाउस इन्स्टिच्युट अफ टेक्नोलोजीबाट सिभिल इन्जिनियरिङमा स्नातक र भारतको कर्नाटक विश्वेश्वरैया राष्ट्रिय प्रौद्योगिक संस्थानबाट स्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर उनी पेशाको क्रममा देशका ६५ जिल्ला पुगेको बताउँछन् । २०७२ सालको महाभूकम्पपछि उनले उद्दार र राहतको काममा सक्रिय भएर समाजसेवीको छवि पनि बनाए । नयाँपुस्ताले रुचाएका पेशाकर्मी, ऱ्यापर तथा कवि-लेखक बालेनको राजनीतिक अवतारको चर्चा भने भूगोलभन्दा भर्चुअल माध्यम अर्थात् सामाजिक सञ्जालमा बढी छ ।



साझाकुरा

## हाम्रो कुरा

# जनअपेक्षा र जिम्मेवारीको मोडमा राष्ट्रिय स्वतन्त्र पार्टी

मुलुकको शासनको बागडोर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को हातमा जाने अवस्था सिर्जना हुनु नेपालको समकालीन राजनीतिमा एउटा महत्वपूर्ण मोडको रुपमा देखिएको छ । परम्परागत राजनीतिकशक्तिबाट निराश बनेका नागरिकबीच नयाँ विकल्पको खोजी भइरहेका थियो । रास्वपाले पाएको यो अवसर केवल सत्ताप्राप्तिको विषयमात्र होइन, जनअपेक्षाको परीक्षा पनि हो । पछिल्ला वर्षमा नेपाली राजनीतिप्रति जनविश्वास क्रमश: कमजोर र निराशपूर्ण बन्दै गएको थियो । भ्रष्टाचार, सुशासनको अभाव, विकासका वाचा पूरानहुनु र राजनीतिक अस्थिरताले नागरिकमा निराशा बढाएको थियो । यही पृष्ठभूमिमा उदाएको रास्वपा आफूलाई पारदर्शिता, जवाफदेहिता र सुशासनको पक्षधरशक्तिका रुपमा प्रस्तुत गर्दै आएको छ । अब शासनको बागडोर सम्हाल्ने अवसर प्राप्त भएमा उसले आफ्ना प्रतिबद्धता व्यवहारमा उतार्ने चुनौती सामना गर्नुपर्नेछ । सत्तामा पुग्नु कुनैपनि दलका लागि उपलब्धि हुन सक्छ तर, त्यसलाई प्रभावकारीरुपमा सञ्चालन गर्नु अझ ठूलो जिम्मेवारी हो ।

यसअघि सत्तामा पुगेका दलका शीर्षनेताको अहंकार, घमण्ड, दम्भ, जनताप्रतिको अनुदारता आदि कारणले सिनित्तै पारेको उदाहरण हाम्रोसामु ताजै छ । नयाँ राजनीतिक शक्तिकारुपमा रास्वपाले अनुभवको कमी, प्रशासनिक जटिलता र राजनीतिक दबाब जस्ता चुनौतीको सामना गर्नुपर्ने सम्भावना छ । यद्यपि यही चुनौतीबीच उसले आफूलाई फरक ढंगले प्रमाणित गर्ने अवसर पनि प्राप्त गर्नेछ । सबैभन्दा पहिले, सुशासनको क्षेत्रमा ठोस सुधारदेखिनु आवश्यक छ । भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र राज्यसंयन्त्रको दक्षता बढाउने कदम जनताले तुरुन्तै अनुभूति गर्न चाहन्छन् । यदि रास्वपाले यी क्षेत्रमा स्पष्ट परिणाम देखाउन सकेमा नेपाली राजनीतिमा सकारात्मक परिवर्तनको संकेत दिन सक्नेछ । दोस्रो महत्वपूर्ण पक्ष आर्थिक विकास र रोजगारी सिर्जना हो । युवाको ठूलो संख्या रोजगारीका लागि पलायन भइरहेका बेला देशभित्रै अवसर सिर्जना गर्नु सरकारको प्राथमिकता हुनुपर्छ । लगानीमैत्री वातावरण, उद्यमशीलताको प्रवर्द्धन र पूर्वाधार विकासमार्फत अर्थतन्त्रलाई गतिशील बनाउने नीति आवश्यक छ । त्यसैगरी, समावेशिता, सामाजिक न्याय र संघीयताको प्रभावकारी कार्यान्वयन पनि उत्तिकै महत्वपूर्ण विषय हुन् । नयाँ राजनीतिकशक्ति भएकाले रास्वपाले सबै वर्ग र समुदायको आवाजसुन्ने तथा समावेशी नीति निर्माण गर्ने क्षमता देखाउनुपर्छ । यद्यपि जनअपेक्षा अत्यन्त उच्च भएका कारण असफलताको जोखिम पनि उत्तिकै ठूलो छ । यदि जनअपेक्षाअनुसार परिणाम नआएमा जनताको विश्वास पुन: कमजोर हुनसक्छ । त्यसैले रास्वपाले लोकप्रिय नाराभन्दा पनि व्यवहारिक नीति, सक्षम नेतृत्व र पारदर्शी कार्यशैलीमार्फत विश्वास कायम गर्नुपर्नेछ ।

मुलुकको शासनको बागडोर सम्हाल्नु कुनै एक दलको मात्र विजय होइन, लोकतान्त्रिक प्रणालीप्रतिको नागरिकको आशा र भरोसाको प्रतिबिम्ब पनि हो । रास्वपाले यस अवसरलाई जिम्मेवारीपूर्वक उपयोग गर्दै सुशासन, स्थायित्व र विकासतर्फ देशलाई अग्रसर गराउन सकेमा नेपाली राजनीतिमा नयाँअध्याय सुरु हुन सक्छ । नेपालको राजनीतिक प्रणाली जटिल छ । संघीय संरचना, गठबन्धन राजनीति, प्रशासनिक संरचना र पुराना शक्तिको प्रभावका कारण कुनैपनि नयाँ दलका लागि अपेक्षित गति र परिणाम ल्याउनु सजिलो हुँदैन । यस्तो अवस्थामा धैर्य, नीतिगत स्पष्टता र संगठनात्मक मजबुती अत्यन्त आवश्यक हुन्छ । यदि रास्वपाले संगठन विस्तार, नीति निर्माण र कार्यान्वयनमा सन्तुलित ढंगले काम गर्नसक्यो भने यसको जनलहर अझ सुदृढ हुनसक्छ ।

# इतिहास फेर्न लम्किएका बालेनको विद्रोह



✍ अमृत चिमरिया



'इतिहास भनेको फेरिने चिज हो भाइ, बालेन अहिलेसम्म आएको थिएन,' केही वर्ष अगाडि काठमाडौँको गल्लीमा गुञ्जिएको एउटा र्‍यापको पङ्क्ति थियो । त्यतिबेला यो केवल एउटा ठिटो बालेनको जोशिलो र्‍यापको लय मात्र थियो । तर समयको चक्रले यसलाई नेपाली राजनीतिको सबैभन्दा कठोर र यथार्थ सावित गरिदियो । आज काठमाडौँका सडकदेखि झापाका फाँटसम्म बालेन एउटा नाम मात्र रहेनन्, उनी नेपाली राजनीतिमा दशकौँदेखि जकडिएको पुरातन शैलीलाई भत्काउने एउटा शक्ति भएर उदाए ।

२०७९ को स्थानीय निर्वाचनमा काठमाडौँको मेयरका रूपमा अप्रत्याशित विजयी भएका बालेनले जुन राजनीतिक चमत्कारको बीजारोपण गरेका थिए, त्यसले आज देशकै शासन व्यवस्थाको स्वरूप बदल्ने गरी विशाल वृक्षको आकार ग्रहण गरेको छ ।

बालेनको राजनीतिक यात्रा कुनै परम्परागत विरासत वा दलीय आशीर्वादबाट सुरु भएको थिएन । राजनीतिक दलको किल्लाको रुपमा रहेको राजधानी काठमाडौँ महानगर पालिकामा स्वतन्त्र व्यक्ति मेयर जितेर 'सरप्राइज' दिएका उनले महानगरभित्रका अनधिकृत संरचनामा डोजर चलाउँदा धेरैले त्यसलाई केवल एउटा पपुलिस्ट कदमका रूपमा मात्र हेरेका थिए । तर त्यो डोजर केवल सिमेन्ट र बालुवाका पर्खालहरूमा मात्र चलेको थिएन, त्यसले त नेपाली जनताको मानसपटलमा बसेको 'केही हुँदैन' भन्ने हीनताबोधको पर्खाल भत्काउँदै आशाको किरण जगाएको थियो ।

सिंहदरबारको बन्द कोठाभित्र बसेर शक्तिको अभ्यास गर्ने परम्परागत दलका शीर्ष नेताहरूका विरुद्ध उनले जुन टसल गरे, त्यसले नेपाली युवामा वर्षौंदेखि सञ्चित निराशालाई एउटा निकास दियो । बालेन केवल पदको नाम थिएन, उनी त सुशासनको खोजीमा भौँतारिएका लाखौँ युवाका आशा बनिसकेका थिए । उनले बागदरबारबाट सिंहदरबारलाई दिएका कडा जवाफहरू केवल शब्द मात्र थिएनन्, ती परिवर्तनका लागि आतुर एउटा सिङ्गो युवा पुस्ताको गर्जन बनेको थियो ।

आम नागरिकमा चरम निराशा छाइरहेको बेला बालेन एउटा नयाँ तरङ्ग बनेर आए । सुशासनको अभाव र भ्रष्टाचारको दुर्गन्ध व्याप्त थियो । सामाजिक सञ्जाल बन्द विरुद्ध र विधिको शासनका लागि भदौ २३ र २४ गते जेनजी आन्दोलन भयो, त्यसले नेपालको राजनीतिक जग नै हल्लाइदियो । तत्कालीन सरकारको दमनकारी नीति र युवामाथि चलेको गोलीले नेपाली माटोलाई पुन: रक्ताम्य बनायो, तर त्यही रगतले परिवर्तनको नयाँ गाथा लेख्न सुरु गर्‍यो । त्यो आन्दोलनमा बालेनको खुला समर्थनले आगोमा घिउको काम गर्‍यो । सडकमा उत्रिएका ती कलिला हातहरू र सपना देख्ने आँखाहरूका लागि बालेन एउटा भरोसाको केन्द्र बने । देशभरि फैलिएको त्यो विद्रोहको लहरले अन्तत: एमाले-कांग्रेस नेतृत्वको शक्तिशाली सत्तालाई बालुवाको महलझैँ ढलाइदियो र पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा एउटा अन्तरिम सरकारको उदय भयो ।

सङ्क्रमणकालीन घडीमा नेपाली जनता विशेष गरी नयाँ पुस्ताले एउटै अनुहार खोजिरहेको थियो- बालेन । फागुन २१ गतेका लागि प्रतिनिधि सभाको निर्वाचन घोषणा भयो । बालेनले काठमाडौँको सुरक्षित मेयर पद त्यागेर देशको नेतृत्व लिने जोखिमपूर्ण निर्णय लिए । जब राष्ट्रिय स्वतन्त्र पार्टीले बालेनलाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा प्रस्तुत गर्‍यो, तब नेपाली राजनीतिमा एउटा यस्तो भूकम्प गयो, जसको धक्का परम्परागत दलका किल्लाहरूसम्म पुग्यो । उनले केवल चुनाव मात्र लडेका थिएनन्, उनले त वर्षौँदेखि जरा गाडेर बसेका शक्ति केन्द्रहरू विरुद्ध धावा बोलेका थिए । उनले आफ्नो उम्मेदवारीका लागि त्यस्तो ठाउँ रोजे, जुन नेपाली राजनीतिको 'अभेद्य किल्ला' मानिन्थ्यो झापा निर्वाचन क्षेत्र नम्बर ५, जहाँ दशकौँदेखि केपी शर्मा ओलीको एकछत्र राज थियो ।

झापा-५ केवल एउटा निर्वाचन क्षेत्र मात्र थिएन, त्यो त एउटा राजनीतिक विरासत र शक्तिको प्रतीक थियो । २०४८ सालदेखि नै अपवादबाहेक निरन्तर विजयी हुँदै आएका र विपक्षीलाई लज्जास्पद हारको स्वाद चखाउँदै आएका एमाले अध्यक्ष केपी शर्मा ओलीका लागि यो क्षेत्र एउटा सुरक्षित कवचजस्तै थियो । तर यसपटक इतिहासले आफ्नो पाना पल्टाउने निर्णय गरिसकेको थियो । बालेनले जब 'घण्टी' चिह्न लिएर झापाको माटोमा पाइला टेके, तब त्यहाँ परिवर्तनको लहर चल्यो । धेरैले यसलाई बालेनको 'राजनीतिक आत्महत्या' भनेर टिप्पणी गरे, तर ती टिप्पणीकारहरूले युवा पुस्ताको मनमा उम्लिरहेको विद्रोहको लाभालाई ठम्याउन सकेका थिएनन् ।

निर्वाचनको अन्तिम नतिजा सार्वजनिक भइरहँदा नेपाली राजनीतिमा एउटा महाकाव्यको अन्त्य र नयाँ युगको सूत्रपात भएको छ । झापाको त्यो गढ, जहाँ ओलीले राज्यकोषको अर्बौं रकम खन्याएर विकासका नाममा आफ्नो वर्चस्व जोगाउने प्रयत्न गरेका थिए । त्यहाँ बालेनले ४९ हजार ६ सय १४ मतको विशाल मतान्तरले विजय हासिल गरे । ६८ हजार ३ सय ४८ मतका साथ बालेन विजयी हुँदा ओली केवल १८ हजार ७ सय ३४ मतमा खुम्चिन पुगे । यो केवल एक व्यक्तिको हार वा जित थिएन, नेपाली राजनीतिमा रहेको सामन्ती सोच, दम्भ र पुरानो पुस्ताको एकाधिकार माथिको निर्मम प्रहार थियो । झापाका युवाहरूले ओलीले दमकमा निर्माण गरेका गगनचुम्बी भ्युटावरभन्दा बालेनको आँखामा झल्केको सुशासनको सपनालाई विश्वास गरे ।

बालेनको यो उदयका पछाडि उनको व्यक्तिगत व्यक्तित्व मात्र थिएन, बरु उनीभित्र लुकेको एउटा कुशल इन्जिनियरका योजना र र्‍यापरको विद्रोहको समीश्रण थियो । ३६ वर्षीय यी युवा जो सिभिल र स्ट्रक्चरल इन्जिनियरिङमा पोख्त थिए । भूकम्पको समयमा उनले देशका ६५ जिल्ला घुमेर नेपाली माटोको समस्यालाई नजिकबाट बुझेका थिए । उनले र्‍यापमार्फत नेपाली जनतालाई अब खोक्रा भाषण र राष्ट्रवादका नारा मात्रले पुग्दैन, उनीहरूलाई त परिणाममुखी काम र जवाफदेही नेतृत्व चाहिएको सन्देश दिँदै आएका थिए । उनको चुनावी सभामा पनि यही झल्किन्थ्यो । उनले भूगोल र संस्कृति जोडेर छोटो भाषण दिएका थिए ।

बालेनले आफ्नो सामाजिक सञ्जाललाई केवल प्रचारको माध्यम मात्र बनाएनन्, त्यसलाई एउटा यस्तो अस्त्रका रूपमा प्रयोग गरे, जसले परम्परागत सञ्चारमाध्यम र दलीय संयन्त्रहरूलाई नै ओझेलमा पारिदियो । बालेनको यो चुनावी विद्रोहले राष्ट्रिय स्वतन्त्र पार्टीलाई एउटा अभूतपूर्व उचाइमा पुर्‍याएको छ ।

मतपरिणामको रुझान हेर्दा प्रत्यक्षतर्फ १२१ सिट आउने अनुमान गरिएको छ । समानुपातिकमा ५० प्रतिशतभन्दा बढी मत देखिन्छ । यही रफ्तारले रास्वपा अहिले दुई तिहाइ बहुमतको नजिक पुग्छ । नेपाली कांग्रेस र नेकपा एमाले जस्ता पुराना हात्तीहरू अहिले रास्वपाको यो प्रचण्ड लहरका अगाडि मरिचझैँ चाउरिएका छन् । यो पटक नेपाली जनताले कुनै एउटा दललाई यति ठुलो जनमत दिएका छन् कि अब संवैधानिक प्रक्रियाहरू पनि एउटै दलको इच्छाशक्तिमा निर्भर हुने भएका छन् । यो जनमत बालेनप्रतिको भरोसा र पुराना दलप्रतिको चरम घृणाको संयुक्त अभिव्यक्ति हो ।

झापाको चुनावी मैदानमा आफु सुरक्षित हुन ओलीले विकासको बाढी नै ल्याएका थिए । तर उनले यो बिर्सेका थिए कि समय सधैँ एउटै लयमा चल्दैन । जब मानिसमा परिवर्तनको भोक जाग्छ, तब पुराना किल्लाहरू तासको महलझैँ ढल्छन् ।

भदौको त्यो विद्रोहले युवाहरूको मनमा जुन चोट पुर्‍याएको थियो, त्यसको बदला उनीहरूले मतपत्रमार्फत लिए । एमालेको बलियो सङ्गठन र ग्रासरुट नेटवर्कलाई एउटा ३६ वर्षे ठिटोले आफ्नो वैचारिक स्पष्टता र साहसले ध्वस्त पारिदियो । नेपाली राजनीतिको एउटा अध्याय अहिले पूर्णविराममा पुगेको छ । लामो समयदेखि एमालेको बागडोर सम्हालेका र राष्ट्रिय राजनीतिको मियो मानिएका केपी शर्मा ओली अहिले संसद् बाहिर बस्नुपर्ने अवस्थामा पुगेका छन् । बालेनले झापामा मात्र जितेनन्, उनले त समग्र नेपालमा एउटा सन्देश दिए 'अबको पालो युवाको, अबको बाटो सुशासनको ।'

*(साभार: रातोपाटी)*

# निर्वाचनले के समेट्यो, के समेटेन ?

✍ जेबी विश्वकर्मा

सबैजसो क्रान्ति, संघर्ष र आन्दोलनले नयाँ आशा जागृत गराउँछ । जेन-जी आन्दोलनले एमाले-कांग्रेस गठबन्धनको सत्तापलट गरेपछि जनतामा राजनीतिक रूपान्तरणको अपेक्षा बढेको छ । हुन त विगतमा पनि ठूला संघर्षबाटै राजनीतिक रूपान्तरण भएका हुन् । तर, जनताले खोजेको स्तरमा आर्थिक-राजनीतिक रूपान्तरण हुन सकेन । राज्य सत्ता र राजनीतिक नेतृत्वमा प्रभुत्वशाली वर्ग र समुदायकै दबदबा कायम रह्यो । उत्पीडित समुदायको प्रतिरोधका कारण समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात् गरे पनि समग्र राज्यलाई नेपाली विविधता झल्किने गरी समावेशी बनाउनेतर्फ राजनीतिक पहलकदमी भएन ।

ऐतिहासिक बहिष्करणमा पारिएका समुदायमाथि सत्तासीन वर्ग र समुदायले 'अन्यकरण' कै व्यवहार कायम राखे । समावेशी राज्य सत्ता निर्माण राजनीतिक पार्टीको अनिवार्य कार्ययोजना बन्न सकेन, केवल कानुनी बाध्यताका रूपमा मात्रै स्विकारियो । समग्र सामाजिक-राजनीतिक असमान शक्ति सम्बन्धलाई बदल्ने र सामाजिक न्याय, समानता र विदेभमुक्त समाज, उन्नत समाज बनाउन आवश्यक समावेशीकरणलाई 'औपचारिकता' मा सीमित पारिनु उत्पीडित समुदायको सपनामाथि नै घात गर्नु हो ।

प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक पार्टीले ल्याएको घोषणापत्र, दिइएको उम्मेदवारी संख्या र निर्वाचनका क्रममा दिइएको अभिव्यक्तिलाई आधार मान्ने हो भने नेपालका प्रमुख दलहरू समावेशीकरणलाई औपचारिकतामै सीमित गरेको पुष्टि हुन्छ । नेपालका मुख्य दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीको समावेशिताबारे दृष्टिकोण र व्यवहारबारे यस लेखमा चर्चा गरिएको छ । नेपालमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम र अन्य सीमान्तकृत समुदायमाथि ऐतिहासिक विभेद र बहिष्करण हुँदै आएको छ । अर्कोतिर, नेपालमा लोकतन्त्र र सामाजिक-राजनीतिक रूपान्तरणको महत्त्वपूर्ण शक्ति उत्पीडित समुदाय नै हुन् भन्ने तथ्य सबैसामु छर्लङ्गै छ । तिनै उत्पीडित वर्ग र समुदायको संघर्षको एउटा उपलब्धि हो, समावेशी लोकतन्त्र ।

विशेषगरी तत्कालीन माओवादी जनयुद्ध, उत्पीडित समुदाय र प्रगतिशील सामाजिक-राजनीतिक शक्तिको प्रतिरोधका कारण राजनीतिक र संवैधानिक रूपमा समानुपातिक समावेशी सिद्धान्तलाई स्वीकार गरिएको हो । त्यसैले समावेशीकरण नेपाली लोकतन्त्रको आधारभूत सवाल हो । नेपालका प्रमुख राजनीतिक दलको निर्वाचन घोषणापत्रले औपचारिक रूपमा समानुपातिक समावेशीकरणको सिद्धान्तलाई स्वीकार गरेका छन् । तथापि, समग्र समाज र राज्यलाई संरचागत रूपमा समावेशी बनाउने, समावेशी संस्कृतिको प्रवर्द्धन र सामाजिक न्याय सहितको समाज निर्माणको स्पष्ट दृष्टिकोण, योजना र कार्यक्रम ती घोषणापत्रमा समेटिएका छैनन् ।

राज्य सत्ताको मूल संरचना जस्तै, तीनै तहका सरकार, न्यायालय, कर्मचारीतन्त्र र सार्वजनिक संरचनामा प्रभुत्वशाली वर्ग र समुदायको वर्चस्व कायमै छ । यस्तो असमावेशी संरचनाको रूपान्तरण गर्ने, सामाजिक विविधता सहितको सामाजिक-राजनीतिक संरचना निर्माणको सवाल नेपाली कम्युनिस्ट पार्टीले सैद्धान्तिक रूपमा उठाएको छ भने नेपाली कांग्रेसले पनि समावेशी सिद्धान्तको व्यावहारिक कार्यान्वयन गर्ने प्रतिबद्धता घोषणापत्रमा गरेको छ । महिला, दलित, आदिवासी जनजाति आदिको राजनीतिक प्रतिनिधित्व र समावेशीकरणका सन्दर्भमा छुट्टै खण्ड घोषणापत्रमा समावेश छ । नेकपा (एमाले) सामाजिक विभेदको अन्त्य गर्ने, महिला र सीमान्तकृत समुदायको समावेशीकरण प्रवर्द्धन गर्ने सवाल घोषणापत्रमा समेटेको छ । रास्वपाले सामाजिक विभेद अन्त्य गर्ने र आवश्यक कानुन बनाउने उल्लेख गरेको छ ।

तथापि, ऐतिहासिक बहिष्करणमा पारिएका उत्पीडित समुदायको राज्यका सम्पूर्ण संरचनामा अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्ने, समावेशी व्यवस्था प्रवर्द्धनका लागि नीति निर्माण गर्ने र संरचनात्मक व्यवस्था गरी बहिष्करणले निम्त्याएको समस्या हल गर्ने विचार, दृष्टिकोण र प्रतिबद्धता एमाले र रास्वपाको घोषणापत्रमा मूर्त रूपमा आएको छैन । समावेशीकरणलाई औपचारिकतामा सीमित गर्ने प्रयत्न प्रमुख दलहरूबाटै भइरहेको छ । समावेशीकरणलाई स्वीकार गरिए पनि प्रतिनिधिसभाको पहिलो हुने निर्वाचित हुने प्रणालीको उम्मेदवारको सूचीले बहिष्करणकै निरन्तरतालाई स्पष्ट पार्छ । यो प्रणालीतर्फ करिब ११ प्रतिशत मात्रै महिला उम्मेदवार छन् ।

मुख्य राजनीतिक दलहरूको उम्मेदवारी हेर्ने हो भने नेपाली कांग्रेसले १६५ उम्मेदवार मध्ये १० जना (६ प्रतिशत) मात्रै महिला उम्मेदवारी दिएको छ । यसैगरी नेकपा (एमाले) १६४ मध्ये १० जना (६ प्रतिशत), नेकपा १६४ मध्ये १२ (७.३० प्रतिशत) र रास्वपले १६४ मध्ये १५ (९ प्रतिशत) उम्मेदवारी दिएको छ । ५१ प्रतिशत जनसंख्या ओगटेको महिलालाई १० प्रतिशतभन्दा कम उम्मेदवार बनाउनु राजनीतिक पितृसत्ताको उपज हो । यसले सबै मुख्य दलले महिला बहिष्करणलाई निरन्तरता दिइरहेको पुष्टि हुन्छ ।

पहिलो हुने निर्वाचित हुने प्रणालीमा जातजाति र समुदायको उम्मेदवारीको तथ्यांकले नेपालका प्रमुख राजनीतिक दलमा खस-आर्य प्रभुत्वको दृश्य देखाउँछ । जम्मा उम्मेदवारको संख्या करिब ३६ प्रतिशत, आदिवासी जनजातिको २५ प्रतिशत, मधेशीको २४ प्रतिशत, दलितको ६.५ प्रतिशत, थारूको ४.५ प्रतिशत र मुस्लिमको ४ प्रतिशत मात्रै छ । प्रमुख दलमध्ये नेपाली कांग्रेसको खस-आर्यबाट ५९ प्रतिशत उम्मेदवार छन् भने दलितबाट एक जना मात्रै छन् । नेकपा (एमाले) ले पनि ५६ प्रतिशत खस-आर्यलाई नै उम्मेदवार बनाएको छ भने जम्मा २ जना दलित उम्मेदवार छन् । नेपाली कम्युनिस्ट पार्टीको ४७ प्रतिशत खस-आर्य र २ जना दलित उम्मेदवार छन् । उदाउँदै गरेको नयाँ पार्टी रास्वपामा त झन् ६० प्रतिशत खस-आर्यकै उम्मेदवार छन् । जम्माजम्मी ३ जना दलितलाई उसले उम्मेदवार बनाएको छ । यो तथ्यांकले नयाँ वा पुराना सबैजसो पार्टीले खस-आर्य प्रभुत्ववादको प्रवर्द्धन गरिरहेको देखाउँछ । रास्वपा सबैभन्दा धेरै खस-आर्य उम्मेदवार बनाउने पार्टी बन्न पुगेको छ ।

समावेशीकरणको दृष्टिकोणबाट यो प्रतिगामी कदम हो । पार्टीहरूको निर्वाचन घोषणापत्रमा लेखिएको समावेशिता र व्यवहार बीचको सबैभन्दा ठूलो अन्तरविरोध यही उम्मेदवारीले देखाउँछ । सारमा, समावेशी दृष्टिकोणबाट यो उम्मेदवारी वर्चस्वशाली वर्ग र समुदायको प्रभुत्वलाई संस्थागत गर्ने शृंखलाको निरन्तरता हो । निर्वाचन अभियानका क्रममा पनि समावेशी लोकतन्त्र बलियो बनाउने सवाल प्रमुख राजनीतिक दलको एजेन्डा बन्न सकेन । स्वाभाविक रूपमा तत्कालीन माओवादी जनयुद्ध, आन्दोलनका क्रममा महिला, दलित र उत्पीडित समुदायले पुर्‍याएको योगदानबारे नेकपाका नेता प्रचण्डले अभियानका क्रममा उठाएको देखिन्छ । सार्वजनिक मञ्च र अभियानका भेटघाटमा संघीयता, समावेशीकरण र उत्पीडित समुदायको मुद्दा मुखरित भएको देखिन्थ्यो ।

तथापि सत्ता र शक्तिमा रहँदा समावेशीकरणको प्रभावकारी कार्यान्वयनमा उनको भूमिका पर्याप्त रहेन । प्रमुख पार्टीका अन्य शीर्षस्थ नेतृत्वले समावेशी सामाजिक-राजनीतिक व्यवस्था निर्माणलाई खासै महत्त्व दिएको देखिएन । नेपालमा चरम गरिबी र अभाव छ । महिला र उत्पीडित समुदाय दैनिक यातना, दुर्व्यवहार र हिंसा भोग्न बाध्य छन् । वार्षिक ७ हजार हाराहारी अर्थात् दैनिक औसत १९ जना मानिस आत्महत्या गर्न विवश छन् । तर, यस्तो कहालीलाग्दो अवस्थाबाट मुक्त गर्ने समावेशी विकासको मुद्दाबारे उम्मेदवार बोलेनन् ।

नेपालमा क्यान्सरका कारण वार्षिक १५ हजार हाराहारी नेपालीको मृत्यु हुने गरेको छ । यो क्रम तीव्र रूपमा बढ्दै छ । आगामी सन् २०५० सम्ममा ९१ प्रतिशतले बढ्ने आकलन गरिएको छ । क्यान्सरका कारण महिला धेरै पीडित हुने गरेका छन् । गरिब र कमजोर वर्गले उपचार गराउन सक्ने अवस्था छैन । निर्वाचन अभियानमा गरिब, श्रमिक, र सीमान्तकृत समुदायको एजेन्डाले ठाउँ पाएन । औपचारिक दस्ताबेजमा समेटिए पनि समावेशी विकास र समावेशी समाज निर्माण राजनीतिक नेतृत्व र उम्मेदवारका लागि चासोको विषय बन्न सकेन । नेपालका उत्पीडित समुदायका लागि यो विडम्बनाको विषय हो ।

**समावेशिता : निराशाजनक भविष्य**

राष्ट्रिय संकटबीच भएको प्रतिनिधि सभाको निर्वाचनले तत्कालीन राजनीतिलाई एउटा दिशा दिने अपेक्षा गर्न सकिन्छ तथापि यसले नेपालको संरचनागत रूपान्तरण गरी वास्तवमै समावेशी लोकतन्त्र स्थापित गराउने संकेत गर्न सकेको छैन । उम्मेदवारी र निर्वाचनको अपेक्षित परिणामलाई आकलन गर्दा राज्य सत्ताको चरित्रमा खासै परिवर्तन हुने देखिँदैन । प्रभुत्वशाली शासक वर्ग र समुदायले नै सत्ताको मुख्य बागडोर सम्हाल्ने र बहिष्करणमा आधारित सत्तालाई निरन्तरता दिने स्पष्ट संकेत देखिन्छ । भावी प्रधानमन्त्रीका रूपमा कुनै महिला चर्चामा छैनन्, यसको अर्थ राजनीतिक दलहरू देशको कार्यकारी महिलालाई बनाउन तत्पर छैनन् ।

कुनै दलित देशको गृहमन्त्री बन्छन् र समाजमा व्याप्त हिंसा, विभेद, अन्याय र अत्याचारको अन्त्य गर्छन् वा सामाजिक न्याय स्थापित गर्छन् भन्ने संकेत अहिलेको राजनीतिमा देखिँदैन । राजनीतिक पार्टीहरूले कुनै महिला अर्थमन्त्री हुन सक्ने वा मधेशी रक्षामन्त्री हुने समावेशी सरकार बन्ने संकेत देखाएका छैनन् । पार्टीको नेतृत्वलाई समावेशी बनाउने, अवसरको समानुपातिक वितरण गर्ने र ऐतिहासिक उत्पीडनमा पारिएका समुदायको न्याय स्थापित गर्न प्रतिबद्ध राजनीतिक शक्ति नभएसम्म विभेदकारी राज्य सत्ताले संस्थागत गरेको बहिष्करणको अन्त्य हुन सक्दैन ।

*(साभार:ई-कान्तिपुर)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन २५ गते सोमबार ९ मार्च २०२६ । षष्ठी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:२२ सूर्यास्त ६:०८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक सन्तोष हुनेछ | **तुला** | : अधुरा काम सम्पन्न हुनेछ |
| **वृष** | : धन प्राप्ति हुनेछ | **वृश्चिक** | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| **मिथुन** | : व्यापारमा नयाँ योजना बन्नेछ | **धनु** | : रिसाउने बानीले काम बिग्रनेछ |
| **कर्कट** | : कठिनाई कम हुनेछ | **मकर** | : नोकरीबाट असन्तोष बढ्नेछ |
| **सिंह** | : साथीभाइमा मनमुटाव हुनेछ | **कुम्भ** | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| **कन्या** | : नयाँ काम समय देखिन्छ | **मीन** | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# कम्युनिस्टहरूको सर्मनाक हार

काठमाडौं/भक्तपुरलाई नेपाल मजदुर किसान पार्टी (नेमकिपा) को किल्ला मानिन्थ्यो, थियो पनि । २०४८ सालयताका निर्वाचन कहिल्यै नहारेकाले भक्तपुर-१ लाई कतिपयले 'उत्तर कोरिया' पनि भन्थे । किनकि त्यहाँ नेमकिपालाई हराउन कसैले सकेका थिएनन् ।



तर यसपटक नारायणमान बिजुक्छेले पञ्चायतकालमै गाडेको किल्ला पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले उखेलेको छ । रास्वपाका रुकेश रञ्जितले ३३ हजार ४३६ मत ल्याएर जित्दा नेमकिपाका प्रेम सुवाल २८ हजार १४७ मतमा सीमित रहँदै निकटतम प्रतिद्वन्द्वी बने ।

यस्तो नतिजाबाट स्वयं नेमकिपासँगै सिंगो राष्ट्रिय राजनीति नै चकित छ । सम्भवत: रास्वपाका नेताहरूलाई पनि भक्तपुर-१ को नतिजाले अचम्मित पारेको हुन सक्छ । अब नेमकिपाको गहिरो जरा गाडिएको भक्तपुर-१ मै नेमकिपाले जितेन भने राजधानी उपत्यकामा कम्युनिस्टहरूको हैसियत सहज अनुमान लगाउन सकिन्छ । अर्थात्, काठमाडौंका १०, ललितपुरका ३ र भक्तपुरका २ गरी १५ वटै सिटमा रास्वपा उम्मेदवारले जितेका छन् ।

नेपालको संसदीय इतिहासमा यस्तो नतिजा कहिल्यै आएको थिएन । राणाले गराउने नगर निर्वाचन होस् अथवा पञ्चायतका निर्वाचनहरूमा समेत कम्युनिस्ट र कांग्रेसहरूले जितेका थिए । विशेषगरी कम्युनिस्टहरूका निम्ति यहाँको जनमत सधैं सहयोगी र प्रिय थियो । भक्तपुरमा नेमकिपाको अलग पहिचान कायम राखिराख्न मात्र नभएर आजको एमालेको जग बसाल्न समेत राजधानीको महत्त्वपूर्ण भूमिका छ ।

२०१५ सालको पहिलो आमनिर्वाचनमा नेपाल कम्युनिस्ट पार्टीले चार सिट जित्दा एक सिट यहीं थियो । तुल्सीलाल अमात्यले राजधानी क्षेत्रबाटै जितेका थिए । पञ्चायतका बेला पनि भूमिगत कम्युनिस्टहरू लुकाएर राख्नेदेखि जनपक्षीय उम्मेदवार जिताउने काम समेत राजधानीकै जनताले गरे ।

एमालेकै सशक्त पर्याय बन्न पुगेको सूर्य चिह्नलाई राजधानी काठमाडौंले नै स्थापित गरिदिएको थियो । २०४३ सालको निर्वाचनमा पद्मरत्न तुलाधरले सूर्य चिह्न प्रयोग गरेका थिए । जनपक्षीय उम्मेदवार बनेर उनले जितेपछि सूर्य चिह्नको प्रचार देशव्यापी भयो ।

०४६ सालको परिवर्तन पछि २०४८ सालमा राजधानीले अभूतपूर्व समर्थन सूर्य चिह्नलाई गऱ्यो । एमालेका तत्कालीन महासचिव मदन भण्डारीले अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई काठमाडौं-१ बाट हराए । मदनले काठमाडौं-५ बाट पनि जितेका थिए । यो निर्वाचनपछि राजधानीमा एमाले एउटा सशक्त शक्तिका रूपमा स्थापित भयो ।

०६४ सालमा पुष्पकमल दाहाल 'प्रचण्ड' सहित माओवादी उम्मेदवारहरूले सानदार जित निकाले । एमालेका तत्कालीन महासचिव माधवकुमार नेपाललाई माओवादीका झक्कुप्रसाद सुवेदीले जितेका थिए । चिन्दै नचिनेको झक्कुलाई जिताउनुमा जनताको विश्वासबाहेक अरूथोक बलियो आधार थिएन ।

अरू निर्वाचनहरूमा पनि राजधानीले कांग्रेससहित कम्युनिस्टहरू जिताउँदै आएको थियो । तर पहिलोपटक ८ दशक लामा राजनीतिक शक्तिहरूलाई जमानत जोगाउनकै मुस्किल पर्नेगरी पराजित गरिदिएको छ । एमालेका संस्थापक नेता ईश्वर पोखरेलकै जमानत जफत भयो ।

राजनीतिक विश्लेषक राजेन्द्र महर्जन, कम्युनिस्टहरूकै व्यवहारका कारण आजको स्थिति आएको बताउँछन् । 'भुइँतहका जुन समस्या छन्, ती समस्यालाई बोक्न र उठाउन धेरै चुके । आम मान्छेसँगको सम्बन्धविच्छेद भयो,' उनी भन्छन् ।

सामन्तवादी शैलीको विरोध गरेर आएका नेताहरूले आफूलाई पनि त्यस्तै बनाउन खोज्दा जनताले विकल्प खोजेको हुन सक्ने पनि उनको विश्लेषण छ । 'सत्तामा हुँदा पञ्चायतकालीन शासकभन्दा भिन्न देखिएन । भ्रष्ट र दलाललाई पोस्ने र उनीहरूकै चाहनामा सत्ता चलाउने भन्ने भयो,' विश्लेषक महर्जन भन्छन्, 'जनताले यस्ता कम्युनिस्टको विकल्प खोजिरहेका थिए । यसपालि रास्वपाले काम गर्छ भनेर आएपछि विश्वास गरे ।'

एमालेका पुराना नेता अष्टलक्ष्मी शाक्य पनि नेताहरूकै व्यवहारका कारण कम्युनिस्ट शक्तिले धक्का खानुपरेको स्वीकार्छिन् । 'अनेक कारणमध्ये एउटा कारण त राजनीतिक दलहरूको नेतृत्व बदलिन सकेन । नयाँ सोच, नयाँ भिजन लिएर अगाडि बढ्न सकेन,' उनी भन्छिन्, 'केपी ओलीको दम्भ हेर्नुस्, प्रचण्डको ताल हेर्नुस् । बेलैमा युवा पुस्तालाई अवसर दिएको भए पुनर्संरचना गर्न सकिन्थ्यो होला । तर त्यसमा लागेनन्, अहिले धक्का खानुपऱ्यो ।'

हुन पनि राजधानी उपत्यकाकै जस्तो अवस्था देशभर छ । शनिबार दिउँसोसम्म एमालेले ३ र नेकपाले २ गरी जम्मा ५ सिट जितेका छन् । अग्रता लिएका क्षेत्रहरू समेत असाध्यै थोरै छन् । अग्रता लिएका क्षेत्र जोगाउन सकेनन् भने यो निर्वाचनमा कम्युनिस्ट शक्ति लगभग २०१५ सालकै अवस्थामा पुग्नेछ ।

दुई दर्जन शक्तिबीच एकता गरेर नेकपा बनाउँदा पनि प्रचण्डले निर्वाचन जित्न पूर्वी रुकुम पुग्नुपऱ्यो । ६ माघमा नोमिनेसन दर्ता गरेपछि पूरा समय त्यहीं बस्दा पनि बल्ल जिते ।

२०७२ सालदेखि चार पटक गरी ६ वर्ष यो देशको नेतृत्व गरेका केपी शर्मा ओलीलाई उनकै क्षेत्र झापा-५ मा गएर रास्वपाका वरिष्ठ नेता बालेनले हराइदिए । अन्तिम नतिजा आउन बाँकी रहे पनि ४० हजार बढीको फराकिलो अन्तर निकालेर बालेनले जित सुनिश्चित गरेका छन् ।

ओली भावी प्रधानमन्त्रीका उम्मेदवार थिए । तर उनीसहित एमालेबाट उम्मेदवार बनेका सबै पदाधिकारी हार्दैछन् । आफ्नै बलियो प्रभाव (कोशीका झापा, मोरङ र सुनसरी) मा एमाले 'क्लिन स्विप' हुँदैछ । पूर्व-पश्चिम राजमार्गले छोएका जिल्लाहरूमा एमाले उम्मेदवार लज्जास्पद पराजय बेहोर्दैछन् ।

मधेश प्रदेशका ३२ वटै निर्वाचन क्षेत्रबाट कम्युनिस्टहरू नजित्ने पक्काजस्तै भइसकेको छ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल आफ्नै गृह जिल्ला रौतहट-१ बाट दोस्रोपटक हारेका छन् । प्रभाव क्षेत्र खोजेर सर्लाही-३ गएका नारायणकाजी श्रेष्ठ हारेका छन् । कर्णाली र सुदूर पश्चिमका पहाडी क्षेत्रबाहेक सबैतिर रास्वपा उम्मेदवारसँग कम्युनिस्ट उम्मेदवारहरू पराजित भएका छन् ।

**वैभवपूर्ण इतिहास**

एकल बहुमत सुनिश्चित गरिसकेको रास्वपाबाट कांग्रेस, मधेशकेन्द्रित दल र साना शक्तिहरू पनि पराजित हुन पुगेका छन् । तर ठूलो असर भने कम्युनिस्टहरूमै पर्ने देखिन्छ । जबकि ८ वर्षअघि सम्पन्न २०७४ सालको निर्वाचनमा कम्युनिस्टहरूको जगजगी थियो । एमाले र माओवादीले गठबन्धन गर्दै चुनावमा लडेको र एकता गरेर बनेको नेकपासँग प्रतिनिधिसभामा झन्डै दुई तिहाइ थियो ।

२७५ सदस्यीय प्रतिनिधि सभामा नेकपासँग मात्र १७६ सिट थियो । एमालेले ८० प्रत्यक्षसहित १२१ र माओवादीले प्रत्यक्षतर्फ ३६ सहित ५४ सिट जितेको थियो । नेमकिपा र जनमोर्चाले एक/एक सिट जितेका थिए । कम्युनिस्टहरूसँग प्रत्यक्षतर्फ मात्र ११८ सिट थियो । समानुपातिकतर्फ प्राप्त हुने पार्टी मत हेर्दा कम्युनिस्टहरूले ४८.५८ प्रतिशत पाएका थिए । ७ मध्ये ६ प्रदेशमा दुई तिहाइ बहुमतसहितको सरकार बनाएका थिए ।

जनमतकै हिसाब गर्दा योभन्दा ठूलो जगजगी २०६४ सालमा थियो । सशस्त्र विद्रोहबाट आएको माओवादी, संसदीय राजनीति गरिरहेको एमालेसहितका दलहरूले त्यो चुनावमा ५५.८ प्रतिशत मत प्राप्त गरेका थिए ।

६०१ सदस्यीय संविधान सभामा माओवादी एक्लैले २२९ सिट जितेको थियो ।प्रत्यक्षतर्फका २४० मध्ये आधा १२० सिट माओवादीले जितेको थियो । समानुपातिक र प्रत्यक्ष गरी एमालेले १०८, मालेले ९, जनमोर्चाले ८, नेकपा संयुक्तले ५, जनमोर्चाले ४ र नेमकिपाले ५ सिट जितेका थिए । सबै कम्युनिस्ट पार्टीहरूको सांसद संख्या ३६८ जना थियो । नेपालको संसदीय राजनीतिमा यो असाधारण उपलब्धि मान्न सकिन्छ ।

०७० सालको दोस्रो संविधानसभामा कम्युनिस्टहरू ठूलै आकारमा घटे । पार्टी मततर्फ ४४.५६ प्रतिशत कम्युनिस्टहरूले पाएका थिए । प्रत्यक्ष र समानुपातिक गरी एमालेले १८५, माओवादीले ८३, मालेले ५, जनमोर्चाले ३, नेकपा संयुक्तले ३ र नेमकिपाले ४ सिट गरी कम्युनिस्टहरूसँग २८३ जना सांसद थिए । अहिलेसम्मका निर्वाचनहरूमा प्राप्त जनमतअनुसार कम्युनिस्टहरूले औसतमा ३८.५ प्रतिशत जनमत पाएका छन् । सबैभन्दा थोरै जनमत २०१५ सालमै पाएका थिए । चार सिट मात्रै जितेको त्यो चुनावमा पार्टीका उम्मेदवारहरूले १ लाख २९ हजार १४२ (७.२ प्रतिशत) मत पाएका थिए । कम्युनिस्टहरूले पञ्चायतकै चुनाव उपयोग गर्दा पनि उत्साहपूर्ण नतिजा पाएका थिए ।

बहुदल स्थापनापछि त कम्युनिस्टहरू संस्थापक शक्ति नै बन्न पुगे । २०४८ सालको निर्वाचनमा कम्युनिस्टहरूले ३४.३६ प्रतिशत मत पाएका थिए । एमालेले ६९, संयुक्त जनमोर्चाले ९ र नेमकिपाले २ सिट गरी ८० सिटमा कम्युनिस्टहरूले जितेका थिए । २०५१ सालमा जनमोर्चा फ्याक्टरले सहभागिता जनाएन । तर चुनावमा भाग लिएका कम्युनिस्टहरूले ३३.९२ प्रतिशत मत पाएका थिए । ८८ सिटसहित एमालेले पहिलो शक्ति बन्दै नौमहिने लोकप्रिय सरकारको नेतृत्व नै गरेको थियो । नेमकिपाले ४ सिट जितेकाले कम्युनिस्टहरूको सिट संख्या ९२ थियो ।

२०५६ सालमा मत प्रतिशत बढे पनि सिट संख्या घटेको थियो । यो निर्वाचनमा कम्युनिस्टहरूको ४१.०३ प्रतिशत मत थियो । तर एमाले फुटेर बनेको मालेले ५ लाख ६७ हजार ९८७ मत (६.५९ प्रतिशत) पाए पनि कुनै उम्मेदवारले जित्न नसक्दा कम्युनिस्टहरूको सिट संख्या घटेको थियो । यो निर्वाचनमा एमालेले ७१, राष्ट्रिय जनमोर्चाले ५, संयुक्त जनमोर्चा नेपालले १ र नेमकिपाले १ सिट गरी ७८ सिट कम्युनिस्टहरूले जितेका थिए ।

जनमत उल्लेख्य हुँदा पनि कम सिट जित्नुमा कम्युनिस्टहरू एकभन्दा धेरै घटक हुनु कारण र हँदै आएको छ । गत चुनाव ०७९ सालमा त कम्युनिस्टहरू नै एकअर्काविरुद्ध प्रमुख प्रतिस्पर्धी बन्न पुगेका थिए ।

माओवादी, एकीकृत समाजवादी र जनमोर्चाले कांग्रेससँग मिलेर निर्वाचन लडेकाले ७४ निर्वाचन क्षेत्रमा कांग्रेस उम्मेदवार थिएनन् । यी क्षेत्रहरूमा कांग्रेसको समर्थन कम्युनिस्ट उम्मेदवारलाई थियो । अर्थात्, कांग्रेससँगै गठबन्धन गरेर पनि कम्युनिस्टहरूले आफ्नो सिट सुरक्षित गरेका थिए । ०७९ को निर्वाचनबाट कम्युनिस्टले जितेको सिट संख्या १२१ थियो । एमालेले (प्रत्यक्षमा ४४ र समानुपातिक ३४) ७८, माओवादीले (प्रत्यक्ष १८ र समानुपातिक १४) ३२, एकीकृत समाजवादीले प्रत्यक्षतर्फ १०, जनमोर्चा र नेमकिपाले एक/एक सिट जितेका थिए । ०७९ को निर्वाचनमा कम्युनिस्टहरूले समानुपातिक तर्फ पाएको मत ४२.५५ प्रतिशत थियो ।

तर यसपटक कम्युनिस्टहरूको समानुपातिकतर्फ पनि असाध्यै कमजोर हुने देखिएको छ । विश्लेषकहरू यो निर्वाचनपछि कम्युनिस्टहरू ठूलै संकटमा धकेलिएको बताउँछन् । 'मान्छेहरूले हेरेका छन् । नयाँले पनि केही गरेन भने अर्कोपटक यिनीहरूको हालत हुने पनि यस्तै हो,' राजनीतिक विश्लेषक महर्जन भन्छन्, 'त्यस्तो अवस्थामा फेरि कुन उठ्छ भन्न सकिन्न । तर तत्काल कम्युनिस्टहरूका यही नारा र अनुहारले कम्युनिस्टहरू उठ्न सक्दैनन् ।'

एमाले नेतृ शाक्य पनि कम्युनिस्टहरूमाथि ठूलै चुनौती आइलागेको बताउँछिन् । तर सच्चिएर अगाडि बढ्दा फेरि उठ्न सकिने उनको आत्मविश्वास पनि छ । 'सच्चिन र बदलिन जरुरी छ । जनताको चाहना र भावना बुझ्न जरुरी छ,' शाक्य भन्छिन्, 'कम्युनिस्टको विचार मर्दैन, हामी उठ्न सक्छौं ।'

*(स्रोत: अनलाइनखबर)*

बालेनलाई बधाई दिँदै प्रियंका भन्छिन्,

# 'नयाँ नेपाल देख्ने आशा अझ बलियो भएको छ'



काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन शाहले झापा-५ बाट प्रतिनिधि सभा सदस्यमा संसदीय इतिहासकै सर्वाधिक मत ल्याएर सानदार जित हासिल गरेसँगै उनलाई सामाजिक सञ्जालमा बधाईको ओइरो लागेको छ । रास्वपाबाट भावी प्रधानमन्त्रीका आकांक्षी समेत रहेका उनको जितमा कलाकारहरू पनि हर्षित देखिएका छन् ।

अभिनेत्री प्रियंका कार्कीले बालेनलाई बधाई दिँदै नयाँ नेपाल देख्ने आशा अझ बलियो भएको बताएकी छन् । उनले शनिबार फेसबुकमा एक पोस्ट लेख्दै भनेकी छन्, 'अब पूरै देशको नजर तपाईंमाथि छ । हामीले आशा र विश्वासका साथ तपाईंलाई साथ दिएका छौं । हामीले धेरै वर्षदेखि भाषण र नाराहरू सुन्दै आएका छौं । तर, अब देशलाई काम गर्ने नेतृत्व चाहिएको छ ।'

नेपालका युवाहरूले अवसर र समाजले पारदर्शिता खोजेको उल्लेख गर्दै उनले नागरिकहरू फेरि आशामा विश्वास गर्न चाहिरहेको बताएकी छन् । बालेन आशाको किरण बनेर आएकाले जनताले फेरि नयाँ नेपालको सपना देख्न थालेको उनको भनाइ छ । उनले बच्चाहरू नेपालमै बस्ने र यहीं आफ्नो भविष्य देख्न सक्ने अवस्था बनाउन बालेनलाई सुझाव पनि दिएकी छन् ।

प्रियंकाले फागुन २१ गते मतदान गरेपछि सामाजिक सञ्जाल मार्फत यसपटक आफूले रास्वपालाई मत दिएको खुलासा समेत गरेकी थिइन् । उनले यो निर्णय कुनै आवेगमा नलिएको बताउँदै परिवर्तनको सम्भावनामा विश्वास गरेर मत दिएको स्पष्ट पारेकी थिइन् । चुनावयता उनको दैनिकी रास्वपाका विजयी उम्मेदवारहरूलाई बधाई दिएर बितिरहेको छ ।

# भण्डारी-ज्ञवालीको आलोपालो इतिहासमा ढकालको 'ब्रेक'




गुल्मी/गुल्मी-१ पछिल्लो डेढ दशकको राष्ट्रिय राजनीतिमा चासोको केन्द्र बन्दैआएको क्षेत्र हो । यहाँको चुनावी नतिजाले केवल एक क्षेत्रको प्रतिनिधित्व मात्र तय गर्दैन, बरु राष्ट्रिय शक्ति सन्तुलनमा समेत सन्देश दिने गरेको थियो ।

विशेषगरी नेकपा एमालेका नेता प्रदीप ज्ञवाली र नेपाली कांग्रेसका नेता चन्द्र भण्डारीले यो क्षेत्रबाट आलोपालो जित निकाल्दै आएका थिए । दुवै स्थानीयदेखि राष्ट्रिय राजनीतिमा लोकप्रिय र शालीन नेता पनि मानिन्छन् । यही दुई नेताबीच २०६४ को निर्वाचनयता आलोपालो जितको शृंखला चल्दै आएको थियो । जसले पनि यस क्षेत्रलाई विशेष पहिचान दिएको थियो ।

२०६४ को संविधानसभा निर्वाचनमा एमाले नेता ज्ञवाली विजयी भएका थिए । त्यो बेला कांग्रेसका भण्डारी पराजित भए । त्यसपछि २०७० को दोस्रो संविधानसभा निर्वाचनमा भण्डारीले जित निकाले । २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा फेरि एमालेका ज्ञवाली विजयी भए । २०७९ मा उनले जित दोहोऱ्याउन नसक्दा कांग्रेसका भण्डारीले जित निस्कियो । जसले दुई नेताबीच आलोपालोको शृंखला देखिएको थियो ।

झट्ट हेर्दा यो आलोपालोको शृंखला कायम रहेको भए यसपालि एमाले नेता ज्ञवालीको जित्ने पालो हुनसक्थ्यो । तर, गुल्मेली जनताले अर्कै जनादेश दिए । यसपटक गुल्मी-१ को नतिजाले ती दुई नेताभन्दा तेस्रो व्यक्तिलाई रोजेको छ ।

यसपटक गुल्मी-१ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सागर ढकाल विजयी भएका छन् । ढकालले स्थापित दुई शीर्ष नेतालाई पराजित गर्दै गुल्मी-१ मा परिवर्तनको सन्देश दिएका छन् । अन्तिम मतपरिणामअनुसार ढकालले २९ हजार ६४२ मत प्राप्त गरेका छन् । ज्ञवाली भने निकटतम प्रतिद्वन्द्वीमा सीमित रहे । उनले १५ हजार १८१ मत पाएका छन्, भने कांग्रेसका भण्डारीले १३ हजार ५०५ मतसहित तेस्रो स्थान हासिल गरेका छन् । नेपाल कम्युनिष्ट पार्टीका सुदर्शन बरालले ती हजार १७६ मत प्राप्त गरे ।

२०७९ को निर्वाचनमा डडेलधुरा पुगेर पूर्वप्रधानमन्त्री शेर बहादुर देउवालाई चुनौती दिएका ढकाल यसपटक आफ्नै गृहजिल्लामा फर्किएका थिए । उनको चर्चा डडेलधुराको निर्वाचनदेखि नै भइसकेको थियो । सोही कारण उनी गुल्मीमा पनि परिचित भइसकेका थिए । यसपटक देशव्यापी आएको रास्वपाको लहरले उनलाई जित्न थप सजिलो बनायो ।

# कांग्रेसलाई अनपेक्षित चुनावी परिणाम

काठमाडौं/प्रतिनिधि सभा निर्वाचन २०८२ मा लामो राजनीतिक विरासत बोकेको नेपाली कांग्रेसले अनपेक्षित परिणाम बेहोरेको छ । सबैभन्दा पुरानो लोकतान्त्रिक दल यसपालि युवा मतदाता असन्तुष्टिको शिकार बन्न पुग्यो । प्रारम्भिक नतिजाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई स्पष्ट बहुमततर्फ धकेलिरहँदा कांग्रेसका 'हेभिवेट' नेताहरू एकपछि अर्को गरी पराजित भइरहेका छन् । यो समाचार तयार पर्दासम्म दुई महामन्त्री र दुई सहमहामन्त्रीहरू पराजित भइसकेका छन् ।

जारी मतगणनाको नतिजा प्रारम्भबाटै स्वयं सभापति गगनकुमार थापाका लागि पनि प्रतिकूल देखिएको छ । सर्लाही-४ बाट उम्मेदवारी दिएका उनी रास्वपाकै नेता डा. अमरेशकुमार सिंहलाई पछ्याइरहेका छन् । कांग्रेसको पराजयलाई राजनीतिक विश्लेषकहरू पुराना नेतृत्वको छवि र भ्रष्टाचारको आरोपसँग जोडेर हेरिरहेका छन् । माघ पहिलो साता विशेष महाधिवेशनबाट नेतृत्वमा आएका सभापति थापालाई कांग्रेसले प्रधानमन्त्रीको उम्मेदवार बनाएर चुनावमा होमिएको थियो ।

विशेष महाधिवेनबाट पार्टीमा आएको परिवर्तनले मतदातामाझ कांग्रेसले आशा जगाउने अपेक्षा गरेको थियो । कांग्रेसमा थापा नेतृत्वमा आइसकेपछि नयाँ ढंगले गति लिने नेताहरूको दाबी थियो । कांग्रेस नेतृत्वले जेनजी आन्दोलन लगत्तै आफूहरूबाट गल्ती भएको र गल्ती सुधारेर जाने प्रतिबद्धता जनाएको थियो । तर, नतिजाले त्यसलाई असफल साबित गरेको छ ।

तर, त्यसले मतदाता माझ प्रभाव नपर्नुको कारणबारे विश्लेषक सीके लाल भन्छन्, 'सन् २०१५ देखि नै कांग्रेसले जुन बाटो समातेको थियो, त्यो बाटोको ड्राइभर कहिले सुशील कोइराला त कहिले शेरबहादुर देउवा भए पनि त्यसको सहचालक र सहयोगीमा त गगन थापाहरू पनि थिए नि ! त्यसैले त्यो पार्टीप्रतिको विकर्षण हुनु स्वाभाविक थियो ।'

सभापति थापाले कांग्रेसलाई परम्परागतबाट आधुनिक बनाउने आशा बोकेका पनि थिए । तर, निर्वाचन परिणाम पार्टी अनुकूल ल्याउन उनको रणनीति र कांग्रेसको विगतको छवि पर्याप्त प्रभावकारी नभएको देखिएको छ । यो समाचार तयार पार्दासम्म १ सय ६५ निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको कांग्रेसले आठमा मात्रै विजय निकालेर १२ स्थानमा अग्रता लिएको छ ।

**यी हुन् निर्वाचित कांग्रेसी नेता**

खड्कबहादुर बुढा (जाजरकोट)
भरतबहादुर खड्का (डोटी)
बासना थापा (दैलेख-१)
सन्तोष सुब्बा (तेह्रथुम)
भरतकुमार स्वार (अछाम-१)
मोहन आचार्य (रसुवा)
योगेश गौचन थकाली (मुस्ताङ)
टेकबहादुर गुरुङ (मनाङ)

**"मतदाताको फैसला स्वीकार्य"**

प्रतिनिधिसभा निर्वाचनको पूर्ण नतिजा आउन अझै केही दिन लाग्न सक्छ । तर, प्रारम्भिक नतिजा कांग्रेसका लागि ऐतिहासिक हारका रूपमा चित्रित हुने सम्भावना प्रबल छ । यद्यपि, कांग्रेसले मतदाताको फैसला स्वीकार्य भएको बताइसकेको छ । रास्वपाले अप्रत्याशित अग्रता लिएपछि उपसभापति विश्वप्रकाश शर्माले मतदाताको फैसला स्वीकार्य भएको बताइसकेका छन् ।

उपसभापति शर्माले 'बुलेट' बाट उदाएको माओवादीलाई स्वागत गरेको स्मरण गर्दै 'ब्यालेट' बाट आउँदै गरेको रास्वपालाई पनि स्वागत गरेका छन् । 'मतदाताको फैसला स्वीकार्य छ,' उनले भनेका छन्, 'बुलेटबाट उदाएको माओवादीलाई स्वागतको संयम दोहोऱ्याउँदै ब्यालेटबाट आउँदै गरेको रास्वपालाई स्वागत !'

प्रतिनिधिसभा निर्वाचन २०७९ मा रास्वपाले पाएको सफलता हेर्दा अहिलेको मतपरिणाम अप्रत्याशित नभएको शर्माको भनाइ छ । '२०७९ मै प्रस्तुत संकेतका दृष्टिले यो अप्रत्याशित होइन,' उपसभापति शर्माले भनेका छन्, 'चर्को आशा अर्को निराशामा बदलिनु हुन्न, देशको मूल प्रश्नमा साथ र खबरदारी दुवै रहने छ ।'

कांग्रेस प्रवक्ता देवराज चालिसेले मतपरिणाम अप्रत्याशित रहे पनि लोकतन्त्रप्रति प्रतिबद्ध पार्टीका रूपमा कांग्रेसले जनादेशलाई पूर्णरूपमा स्वीकार्ने बताएका छन् । अप्रत्याशित नतिजाका पछाडि विभिन्न कारण हुन सक्ने भन्दै उनले ती कारण गहन रूपमा बुझ्ने, आत्मसमीक्षा गर्ने र कमजोरी सुधार्ने बताए । कांग्रेसले इतिहासमा धेरै आरोह-अवरोह सामना गरेको भन्दै प्रवक्ता चालिसेले चुनाव परिणामले लोकतन्त्र र जनताप्रति समर्पित राजनीतिमा कुनै विचलन ल्याउन नसक्ने जिकिर गरे ।

'हामी फेरि उठ्ने छौं, हाम्रो राजनीतिक शैली र सोचलाई परिवर्तन गर्ने छौं,' चालिसेले भने, 'जनताको बीचमा जाने छौं र जनताकै माझबाट फेरि विश्वासको मजबुत आधार खडा गर्ने छौं ।'

*(स्रोत: अनलाइनखबर)*

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# जाजरकोटमा ढल्यो 'शक्ति-सत्ता'

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ जाजरकोटको राजनीतिक मैदानमा तीनपटकको जितपछि आफ्नो विरासत जोगाउने लक्ष्य लिएर चुनावीमैदानमा उत्रिएका शक्तिबहादुर बस्नेत अन्ततः यसपटक पराजित भएका छन् ।

अघिल्ला निर्वाचनमा जस्तो गठबन्धनको बल नपाउँदा र बढ्दो प्रतिस्पर्धाका कारण उनको चौथोपटक संसद् पुग्ने योजना सफल हुन सकेन । यसपटक उनी कांग्रेसका खड्कबहादुर बुढासँग पराजित भए । बुढाले २० हजार १४२ मत ल्याउँदा बस्नेतले १७ हजार ४०४ मत ल्याए । बस्नेत सशस्त्र संघर्षको समयदेखि लागेका र नेकपा संयोजक पुष्पकमल दाहालका विश्वास पात्र थिए । उनी दाहालकै सचिवालयमा बसेर काम गरेका निकट सहयोगी थिए । जनवादी गणतन्त्र स्थापनाको लक्ष्यसहितको युद्धमा सहभागी भएका उनी पछिल्लो समय संसदीय राजनीतिमा स्थापित हुँदै गएका थिए । तर, यसपटकको निर्वाचन उनको संसदीय यात्रा अवरोध भयो ।



राजनीतिशास्त्रमा स्नातकोत्तर बस्नेतको राजनीतिक यात्रा नेकपा एकता केन्द्र (मशाल) बाट सुरु भएको थियो । २०४६ सालको जनआन्दोलनमा मशालबाट सहभागी भएका उनी २०४८ मा राप्ती क्षेत्रीय समन्वय समिति सदस्य र २०४९ मा जाजरकोट जिल्ला सेक्रेटरी बनेका थिए । २०५१ मा नेकपा (माओवादी) को पश्चिम क्षेत्रीय ब्यूरो सदस्यको रुपमा ग्रामीण वर्गसंघर्षको नेतृत्व गर्दै उनी माओवादी आन्दोलनको महत्वपूर्ण हिस्सामा रहे । पार्टीभित्र उनको प्रभाव क्रमशः बढ्दै गयो । २०५५ मा वैकल्पिक केन्द्रीय सदस्य, त्यसपछि केन्द्रीय सदस्य र भेरी-कर्णाली क्षेत्रीय ब्यूरो इन्चार्ज बने । २०५९ मा पोलिटब्यूरो सदस्य भएपछि भेरी-कर्णाली र थारुवान क्षेत्रीय ब्यूरोको नेतृत्व गर्दै उनले पार्टीको जनमुक्ति सेनामा डिभिजन कमिसारको भूमिका पनि निर्वाह गरे ।

शान्तिप्रक्रियापछि उनको राजनीतिक यात्रा संसदीय राजनीतिमा केन्द्रित भयो । २०६४ मा समानुपातिकबाट पहिलो संविधानसभामा प्रवेश गरेका बस्नेत २०६८ मा स्वास्थ्य तथा जनसंख्या मन्त्री बनेका थिए । २०७० को दोस्रो संविधानसभा निर्वाचनमा जाजरकोट-१ बाट प्रत्यक्ष निर्वाचित भएपछि उनी गृहमन्त्रीको जिम्मेवारीमा पुगेका थिए । २०७४ को प्रतिनिधिसभा निर्वाचनमा पनि विजयी हुँदै उनले वन तथा वातावरण मन्त्रीको जिम्मेवारी पाए । २०७९ मा तत्कालीन सत्ता गठबन्धनको साथमा पुनः निर्वाचित हुँदै उनले संसदीय चुनावमा 'ह्याट्रिक' गरेका थिए । यससँगै उनी जाजरकोटबाट सबैभन्दा धेरै चुनाव जित्ने र पटक-पटक मन्त्री बन्ने नेतामा परे ।

तर, यसपटकको निर्वाचनमा परिस्थिति फरक थियो । अघिल्लो चुनावमा जस्तो गठबन्धनको 'रेडिमेड' मत नहुँदा उनलाई कठिन प्रतिस्पर्धा सामना गर्नुपर्‍यो । एमालेले पुनरागमनको प्रयास गर्दै उम्मेदवार डम्बरबहादुर सिंहलाई अघि सारेको थियो भने कांग्रेसबाट खड्कबहादुर बुढा मैदानमा थिए । स्थानीय तह निर्वाचनको नतिजाले पनि बस्नेतका लागि चुनौती संकेत गरिसकेको थियो । जाजरकोटका ७ पालिकामध्ये कांग्रेस र एमालेले ३/३ प्रमुख जित्दा माओवादी केन्द्रले केवल १ पालिका प्रमुख जितेको थियो । यस्तो समीकरणले बस्नेतको सांगठनिक पकड कमजोर हुँदै गएको संकेत दिएको थियो ।

गत प्रतिनिधिसभा निर्वाचनमा उनले ३४ हजार १५१ मत ल्याएर एमालेका निरजप्रसाद आचार्यलाई ९ हजारभन्दा बढी मतान्तरले पराजित गरेका थिए । तर, यसपटक गठबन्धनको अभाव, कांग्रेसको सक्रियता लामो समय सत्तामा रहेपछि देखिएको 'एन्टी-इन्कम्बेन्सी' प्रभावका कारण बस्नेतको राजनीतिक ह्याट्रिकपछि सुरु भएको विरासत यात्रामा ब्रेक लागेको छ ।

# श्रमिक महिला दिवसको अवसरमा कविता प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आईतबार मकवानपुरमा कविता प्रतियोगिता हुँदैछ । जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरको आयोजनामा प्रतियोगिता हुन लागेको हो ।

संघकी अध्यक्ष कल्पना श्रेष्ठका अनुसार प्रतियोगिताका लागि कूल १८ वटा कविता प्राप्त भएका छन् । प्राप्त कवितामध्ये पहिलोचरणको मूल्यांकनबाट १० वटा कविता अन्तिम प्रतिस्पर्धाका लागि छनोट गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिइन् । उत्कृष्ट १० मा छनोट हुनेहरुमा रमिला सापकोटा, डिबी बर्तौला, गीताकुमारी पौडेल, सम्झना पण्डित र समीक्षा तिमल्सिना रहेका छन् । यसैगरी सन्देश परियार, अचला शर्मा, भगवती पुडासैनी, युवराज तिमल्सिना र मेनुका दहाल छनोट भएका छन् ।

यी १० जना कविले आईतबार आयोजना हुने कार्यक्रममा आआफ्ना कविताबाचन गर्नेछन् । प्रतियोगितामा 'सहयोग, समर्थन, योगदानमार्फत महिलाको अधिकार' विषयमा आधारित भएर १५० शब्द नबढ्ने गरी कविता लेख्न संघले सूचना जारी गरेको थियो । प्रतियोगितामा संघका सदस्य सहकारी संस्थाका कार्यसमिति, पूर्वसमिति तथा कर्मचारीहरु सहभागिता हुन नपाउने व्यवस्था छ । प्रतियोगितामा प्रथम हुनेले ७ हजार, द्वितीयले ५ हजार, तृतीयले ३ हजार र सान्त्वना स्थान हासिल गर्ने २ हजार रुपैयाँ नगद सहित प्रमाणपत्र प्राप्त गर्नेछन् ।

कार्यक्रममा संघले तनाव व्यवस्थापन कार्यशाला आयोजना गर्ने जनाएको छ । तनाव व्यवस्थापन कार्यशालामा मामाघर नेपालका संरक्षक अर्पण पराजुलीले सहजकर्ताको भूमिका निर्वाह गर्नेछन् भने कार्यक्रममा बागमती प्रदेशकी मुख्य न्यायाधीवक्ता अप्सरा बस्नेतको प्रमुख आतिथ्यता रहनेछ ।

# बागमती प्रदेशस्तरीय छनोट सोमबारदेखि

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ पुरुष एक दिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ का लागि बागमती प्रदेशस्तरीय छनोट प्रतियोगिता सोमबारदेखि हुने भएको छ ।

बागमती प्रदेश क्रिकेट संघले शुक्रबार छनोट प्रतियोगिताको खेलतालिका सार्वजनिक गरेको छ । प्रतियोगितामा नेपाल क्रिकेट संघ (क्यान) बाट आधिकारिकता पाएका बागमती प्रदेशका ६ वटा जिल्ला (मकवानपुर, चितवन, नुवाकोट, ललितपुर, भक्तपुर र काठमाडौं) र एउटा त्रिभुवन विश्वविद्यालयको टिम गरी ७ वटा टिमले प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिताको उद्घाटन खेलमा सोमबार भक्तपुर र ललितपुरको टोली भिड्ने छ । मकवानपुरको टोलीले प्रतियोगिताको पहिलो खेलमा मंगलबार भक्तपुरको टोलीको सामना गर्नेछ ।

यसैगरी मकवानपुरको टोलीले प्रतियोगितामा बुधबार काठमाडौंसँग, बिहिबार नुवाकोटसँग, शुक्रबार त्रिभुवन विश्वविद्यालयको टिमसँग, चैत १ गते चितवनसँग र चैत २ गते ललितपुरसँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगितामा प्रत्येक टोलीले ६/६ वटा खेल खेल्नेछन् । समूहचरणको खेल सकिएपछि अंकतालिकाको शीर्ष दुई टोलीबीच फाइनल खेल हुनेछ । फाइनल खेल चैत ३ गते हुनेछ । प्रतियोगिताको सबै खेल काठमाडौंको तल्लो मुलपानी क्रिकेट रंगशालामा बिहान ९ बजेदेखि सुरु हुनेछ ।

बागमती प्रदेश क्रिकेट संघका सदस्य संजोग पोखरेलका अनुसार प्रतियोगितामा प्रदर्शनको आधारमा १९ जना खेलाडी छनोट गरी क्याम्प सञ्चालन गरिनेछ । जसमध्ये १५ जना प्रदेश टोलीमा समावेश हुनेछन् भने ४ जना वैकल्पिक खेलाडीका रुपमा रहनेछन् । २०८१ सालको प्रदेशस्तरीय छनोट प्रतियोगितामा मकवानपुर उपविजेता बनेको थियो । फाइनल खेलमा ललितपुरसँग पराजित भएपनि मकवानपुरका ५ जना खेलाडी प्रदेश टोलीमा पर्न सफल भएका थिए ।

# बालेनले उठाएको जोखिम जनअनुमोदित



झापा/राजनीतिमा जब कोही व्यक्ति स्थापित परम्परा र सुरक्षित बाटो छोडेर अकल्पनीय जोखिम मोल्न तयार हुन्छ, तब इतिहास कोरिन्छ । ३६ वर्षीय इन्जिनियर, पूर्व र्‍यापर तथा काठमाडौं महानगरपालिकाका पूर्व मेयर बालेन्द्र शाह (बालेन) ले त्यस्तै एउटा इतिहास कोरेका छन् । नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री के.पी. शर्मा ओलीको अभेद्य मानिएको गढमा गएर चुनाव लड्ने घोषणा गर्दा धेरैले यसलाई बालेनको 'अपरिपक्व राजनीतिक स्टन्ट' वा 'आत्मघाती कदम' भनेका थिए ।

गत निर्वाचनमा २८ हजार ५७६ मतान्तरसहित विजयी भएका ओलीलाई उनकै आधार क्षेत्रमा हराउनु विना संगठनको पार्टीका लागि 'फलामको च्युरा चपाउनु' सरह मानिएको थियो । तर, बालेनले त्यो फलामको च्युरा चपाएर मात्र छाडेनन्, ६८ हजार ३४८ मतको विशाल आँधी ल्याएर ओलीलाई १८ हजार ७३४ मतमै खुम्च्याइदिए । बालेनले ओलीलाई ४९ हजार ६१४ को विशाल मतान्तरले पराजित गरेका हुन् ।

### र्‍यापरदेखि राजनीतिमा, मेयर हुँदै प्रधानमन्त्रीको उम्मेदवारसम्म

काठमाडौंको गौरीगाउँमा जन्मिएका शाह आयुर्वेदिक चिकित्सक डा. राम नारायण शाह र ध्रुवदेवी शाहका छोरा हुन् । ह्वाइट हाउस इन्स्टिच्युट अफ टेक्नोलोजीबाट सिभिल इन्जिनियरिङमा स्नातक र भारतको कर्नाटक विश्वेश्वरैया राष्ट्रिय प्राविधिक संस्थानबाट स्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर उनी पेशाको क्रममा देशका ६५ जिल्ला पुगेको बताउँछन् ।

चार वर्ष अगाडिसम्म नयाँ पुस्ताबीच र्‍यापरका रूपमा मात्र चर्चित बालेन २०७९ सालको स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौंको मेयरमा उदाए । राजनीतिक विश्लेषकदेखि सञ्चार माध्यमसम्मले नोटिसमा नलिएको त्यो जितले नेपाली समाजभित्र मतदाताको बदलिँदो मनोविज्ञानको बलियो संकेत दिएको थियो । भर्चुअल संसारको लोकप्रियतालाई भूगोलको यथार्थमा बदल्न उनी खप्पिस देखिए । मेयरको कुर्सीमा बसेर उनले विकासका भिजन, शिक्षा र स्वास्थ्यमा गरेका कामले उनलाई देशव्यापी 'क्रेज' दियो । तर, उनको राजनीतिक परिपक्वताको असली परीक्षण 'जेन-जी आन्दोलन' (भदौ २३ र २४ को विद्रोह) पछि भयो ।

आन्दोलनलगत्तै सडकबाटै उनलाई प्रधानमन्त्री बन्ने प्रस्ताव आएको थियो । तर, बालेनले त्यो 'सर्टकट' बाटो अस्वीकार गरे । उनले सन्देश दिए- मेरो उद्देश्य प्रधानमन्त्री हुनुमात्र होइन, प्रणाली बसाल्नु हो, बदल्नु हो । बालेनले सुरक्षित निर्वाचन क्षेत्र (जस्तै काठमाडौं) रोज्न सक्थे, तर उनले जानीजानी सबैभन्दा बढी मतान्तर सहित विजयी एमाले अध्यक्ष ओलीसँग प्रतिस्पर्धा गर्ने जोखिम उठाए । उनले साथीसर्कलमा भन्ने गरेका थिए- प्रधानमन्त्री बन्ने हो भने प्रधानमन्त्रीकै उम्मेदवारलाई हराएर बन्नुपर्छ ।

यसबीचमा उनी आफ्नो जितका लागि एउटा निर्वाचन क्षेत्रमा खुम्चिएनन्, युवा जोश प्रयोग गर्दै अभूतपूर्व रोड सोमा निस्किएर दुई तिहाई नेपालको भ्रमण केही दिनमा गरे । जबकि देशका शीर्ष नेताहरू आफ्नै निर्वाचनमा क्षेत्रमा कैद थिए- पराजयको डरले । यो जोखिम मोल्ने आत्मविश्वास उनलाई जेन-जी आन्दोलन र पुराना दलप्रतिको चरम जनआक्रोशले दिएको थियो ।

### छोटो भाषण, बलियो सन्देश

चुनाव जित्न मनसँगै मत पनि जित्नुपर्छ भन्ने बुझेका शाह सधैं राजनीतिभन्दा धेरै विकास र डेलिभरीका कुरा गर्छन् । रास्वपा प्रवेशपछि मधेश झरेर जनकपुरको उद्घोष सभामा उनले भनेका थिए, 'म काम गर्ने मान्छे हुँ, म काम गरेर देखाउँछु । मलाई काम गर्न अवसर दिनुहुन्छ ? काठमाडौं नगरवासीले अवसर दिए, काम गरेर देखाएँ ।'

उनले राजनीतिक मुद्दालाई सीधै नागरिकको दैनिकीसँग जोडे । संघीयताको मर्मलाई आम मानिसले बुझ्ने भाषामा व्याख्या गर्दै उनले भनेका थिए, 'जनकपुरका प्रशासकीय अधिकृत फेर्न काठमाडौं जानुपर्ने अवस्था छ, हो कि होइन ? अधिकार माग्न होइन, पशुपतिनाथ दर्शन गर्न पो काठमाडौं जाने हो त !'

उनी भाषण गर्न जाँदा मञ्च उक्लिएसँगै संवाद सुरु गर्थे । उनको यो संवादात्मक शैलीले झापाका मतदाताको मन पनि सहजै जित्यो । झापासँगै देशभरीकै मतदाताको मन र मत दुवै जित्यो । धेरै मतदाता जसलाई रास्वपा भन्ने नाम थाहा थिएन । उनीहरूले कि घन्टी चिने कि बालेन । यही आधारमा मत दिए । यस्तो लाग्थ्यो कि यो चुनावमा बालेन प्रत्यक्ष उम्मेदवार हुन् र अरु रास्वपाका उम्मेदवार समानुपातिक ।

### विजय लहरमा बदलिएको प्रतिकूलता

झापा-५ को लडाइँ सहज थिएन । एमालेको बलियो संगठन, ओलीको उचाइ र गठबन्धन नहुँदा एमालेको एकल भोट ब्यांक बालेनका लागि ठूला प्रतिकूलता थिए । तर, उनका पक्षमा दुईवटा ठूला हतियार थिए- पहिलो, व्यक्ति बालेन र उनी मिसिएसँगै नयाँ दल (रास्वपा) को पक्षमा देखिएको अभूतपूर्व चुनावी लहर ।

दोस्रो, भदौ २३ र २४ को घटनापछि रक्षात्मक अवस्थामा पुगेका पुराना दलहरूप्रतिको चरम वितृष्णा । अन्ततः, मतदाताले संगठन र परम्परागत पार्टीप्रतिको 'बफादारी' लाई भत्काउँदै विवेकको मत प्रयोग गरे । पुरानालाई प्रतिस्थापन गर्न चाहने युवा मतदाता मात्र होइन, हजुरबुवा-हजुरआमा पुस्ताले पनि विकल्पका रूपमा बालेनलाई नै पत्याए ।

### नयाँ युगको सुरूवात

झापा-५ मा बालेनको यो जित एउटा व्यक्तिको वा पार्टीको मात्र जित होइनह यो 'जसरी पनि सत्तामा टिकिरहने' पुरानो राजनीतिक सिन्डिकेटविरुद्ध जनताले गरेको अन्तिम प्रहार हो । सत्तालोलुप ठहरिएका पुराना दलहरूविरुद्ध मतदाताले गरेको महागठबन्धन जस्तो बन्यो ।

नहिँडेको बाटो हिँड्ने र जोखिम उठाउने बालेनको शाहसले नेपाली राजनीतिलाई एउटा नयाँ गोरेटोमा ल्याएर उभ्याइदिएको छ । अब प्रश्न बालेनले चुनाव कसरी जिते भन्ने होइन, यो विशाल जनमतको भारीलाई उनले संसद र सम्भावित सत्तामा कसरी बोक्छन् भन्ने हो । सँगै, मतदाताको मन बोल्न बहुरंगी पृष्ठभूमिबाट एउटै छातामुनि जुटेका नेताहरूलाई कसरी मिलाउँछ, एउटा साझा संस्कृतिमा बदल्छन् र पार्टी हुँदै सरकारको नेतृत्व गर्छन् भन्ने चुनौती छँदैछ । *(स्रोत: अनलाइनखबर)*

# रुकुमपश्चिममा रोकियो जनार्दन शर्माको यात्रा



काठमाडौं/रुकुम पश्चिमको राजनीति माओवादी आन्दोलनको इतिहाससँग जोडिएको छ । यही भूगोलबाट उदाएका प्रभावशाली नेता थिए- जनार्दन शर्मा । युद्धकालदेखि शान्ति प्रक्रियासम्म सक्रिय रहँदै आएका उनी चारपटक चुनाव जितेर संसद् पुगिसकेका थिए । यसपटक पनि पाँचौं जितको अभिलासा बोकेर चुनावी मैदानमा उत्रिएका शर्माको यात्रा पराजयमा टुंगिएको छ । उनी निकटतम प्रतिस्पर्धी पनि भएनन् । आफ्नै युद्धकालीन सहयोद्धा गोपाल शर्मासँग पराजित भए ।

माओवादी छोडेर प्रगतिशील लोकतान्त्रिक पार्टी गठन गरेका उनलाई रुकुम पश्चिमका जनताले मन पराएनन् । सशस्त्र युद्धाकालीन धार बोक्ने नेपाली कम्युनिस्ट पार्टीका गोपाल शर्मालाई जनताले जिताए ।

व्यक्तिगत प्रभाव, विकास निर्माणका काम र लामो राजनीतिक अनुभव हुँदाहुँदै पनि बद्लिएको राजनीतिक अंकगणितले उनलाई यसपटक साथ दिएन । पार्टी परिवर्तन, विभाजित मताधार र आफ्नै सहयात्रीसँगको प्रतिस्पर्धा अन्ततः उनको लागि भारी पर्‍यो ।

२०१९ साल वैशाखमा रुकुमको सेरीगाउँमा जन्मिएका शर्मा युवावस्थामा सरकारी जेटीएका रूपमा काम गर्थे । तर राजनीतिक चेतना भने उनलाई निकै अघिदेखि तानेको थियो । पञ्चायतविरोधी आन्दोलन उत्कर्षमा पुगेको समय २०४६ सालको चैतमा दरबारमार्गमा भएको एउटा घटनाले उनलाई राष्ट्रिय राजनीतिमा चिनायो । केही युवाहरू राजा महेन्द्रको सालिकमाथि चढेर विरोध प्रदर्शन गरिरहेका थिए, तीमध्ये एक थिए जनार्दन शर्मा । प्रहरीले गोली चलाएको त्यो घटनाबाट उनी जोगिए ।

त्यसपछि उनी केही समय गाउँ फर्केर सरकारी जागिरमा लागे । तर त्यो लामो समय टिकेन । २०५२ सालमा माओवादीले सशस्त्र संघर्ष सुरु गरेपछि उनले जागिर छाडे र भूमिगत जीवन रोजे । त्यसपछि उनी 'प्रभाकर' नामले चिनिन थाले । युद्धकालमा उनी माओवादी जनमुक्ति सेनाको डेपुटी कमाण्डरसम्म पुगे । गण्डक क्षेत्रको सैन्य नेतृत्वदेखि सेती-महाकाली इञ्चार्जसम्मको जिम्मेवारी उनले सम्हाले ।

माओवादी शान्ति प्रक्रियामा आएपछि शर्माको राजनीतिक यात्रा नयाँ मोडमा प्रवेश गर्‍यो । २०६४ को संविधानसभा निर्वाचनमा रुकुम-२ बाट विजयी भएपछि उनी पहिलोपटक औपचारिक संसदीय राजनीतिमा आए । त्यसपछि शान्ति तथा पुनर्निर्माण मन्त्री बने ।

पछिल्ला वर्षहरूमा उनी सरकारका महत्वपूर्ण मन्त्रालय सम्हाल्ने नेतामध्येमा परे । २०७३ सालमा ऊर्जामन्त्री भए । गृहमन्त्री बने र २०७८ सालमा अर्थमन्त्री पनि भए । अर्थमन्त्री हुँदा बजेट निर्माणका क्रममा बाह्य व्यक्तिलाई बोलाएर करका दर हेरफेर गरिएको आरोप लागेपछि उनी विवादमा परे । विपक्षी दलले संसदीय छानबिनको माग गरेपछि उनले पदबाट राजीनामा दिएका थिए ।

पछि संसदीय छानबिनले प्रत्यक्ष प्रमाण फेला नपारेपछि उनी पुनः अर्थमन्त्रीमा फर्किए । तर त्यो विवादले उनको राजनीतिक यात्रामा आलोचनाको छाया भने छोड्यो । २०७९ को निर्वाचनमा त उनले ३९ हजारभन्दा बढी मत ल्याएर प्रतिस्पर्धीलाई ठूलो मतान्तरले पराजित गरेका थिए । तर यस पटकको चुनावी परिस्थिति पूर्ण रूपमा फरक थियो ।

पार्टीभित्र नेतृत्व परिवर्तनको बहस चर्किँदै जाँदा शर्मा आफ्नो पुरानो दलबाट अलग भए । उनी नयाँ राजनीतिक संरचनाको खोजीमा लागे । तर नयाँ दलको संगठन कमजोर थियो । अघिल्ला चुनावमा उनी बलियो गठबन्धनको साथमा थिए । २०७४ मा वाम गठबन्धनका साझा उम्मेदवार थिए भने २०७९ मा कांग्रेससहितको पाँच दलीय गठबन्धनको समर्थन उनलाई थियो ।

यसपटक भने त्यो आधार भत्किएको थियो । चुनावी गणित सुधार्ने प्रयासमा शर्माले एमालेसँग शीर्ष तहमा तालमेल गर्ने प्रयास पनि गरे । एमाले अध्यक्ष ओलीसँग समझदारी बनेको चर्चा पनि भयो । तर स्थानीय स्तरमा एमालेका कार्यकर्ताले त्यो सहमति स्वीकार गरेनन् । स्थानीय कमिटीहरूले नै असन्तुष्टि जनाएपछि अपेक्षित मत स्थानान्तरण हुन सकेन ।

*(स्रोत: अनलाइनखबर)*

# सात सिटमा महिला प्रतिनिधि विजयी



साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मतगणनामा हालसम्म ७ सिटमा महिला उम्मेदवार विजयी भएका छन् ।

निर्वाचन आयोगका अनुसार काठमाडौ क्षेत्र नं. १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की रञ्जु दर्शना (न्यौपाने) १५ हजार ४५५ मत प्राप्त गरी प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएकी छन् । मोरङ क्षेत्र नं. ६ मा रास्वपाकी रुविना आचार्य ५५ हजार ५१३ मत, कास्की क्षेत्र नं. ३ मा रास्वपाकी बिना गुरुङ ३७ हजार ७५० मत र कैलाली-१ रास्वपाकी कोमल ज्ञवाली १७ हजार ८२६ मत प्राप्त सांसद चुनिएकी हुन् । दैलेख निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसकी उम्मेदवार बासना थापाले १२ हजार ३७२ मत, रास्वपाकी सोविता गौतम चितवन क्षेत्र नं. ३ बाट ५९ हजार २७७ मत र सर्लाही-१ बाट नीतिमा भण्डारी कार्की ४४ हजार १८१ मतका साथ विजयी भएकी छन् ।

जारी मतगणनाअनुसार ६ निर्वाचन क्षेत्रमा महिला उम्मेदवार अग्रता लिइरहेका छन्, जसमा डा. तोसिमा कार्की (ललितपुर-३), इन्दिरा रानामगर (झापा-२), निशा डाँगी (झापा-१), आशिका तामाङ (धादिङ-१), पुष्पाकुमारी चौधरी (सप्तरी-१) र गौरीकुमारी (महोत्तरी-४)मा अग्रस्थानमा रहेका छन् । प्रतिनिधि सभा सदस्यको पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ कुल ३ हजार ४०६ मध्ये महिला उम्मेदवार ३८८ जना रहेका थिए ।

# अटो दुर्घटना हुँदा ४ जनाको मृत्यु




साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ चितवनको कालिका नगरपालिका-९ मा अटो दुर्घटनामा ४ जनाको मृत्यु भएको छ भने १ जना घाइते भएका छन् ।

चितवनको ऐतिहासिक उपरदाङ्गढीबाट शक्तिखोरतर्फ आउँदै गरेको बा.प्र ०६-००१ ह ०३१५ नम्बरको अटो आफैं अनियन्त्रित भएर नालीमा खस्दा ४ जनाको मृत्यु भएको चितवन प्रहरीले जनाएको छ । दुर्घटनामा अटो चालक राप्ती नगरपालिका-९ बस्ने ३९ वर्षका पूर्णबहादुर विक, अटोका यात्रु राप्ती नगरपालिका-८ की ५६ वर्षीया बिष्णुकुमारी तामाङ, राप्ती नगरपालिका-९ की २२ वर्षीया बिनी तामाङ, सोही ठाँउका ५५ वर्षका तिलक तामाङको उपचारको क्रममा मृत्यु भएको हो ।

दुर्घटनामा राप्ती-९ की ५३ वर्षीया चिनिकुमारी गुरुङ घाइते भएकी छिन् । उनको पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना